विधेयक संख्या :

# नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० लाई संशोधन गर्न बनेको विधेयक

२०८१

**सङ्घीय संसद सचिवालय**

संसद भवन, सिंहदरबार।

## उद्देश्य र कारण

नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० लाई संशोधन गरी कानून व्यवसायी परिषद् अन्तर्गत कानून व्यवसायी प्रतिष्ठान (लयर्स एकेडेमी) को स्थापना गर्ने तथा परिषद्ले कानूनी शिक्षालाई स्तरीय र व्यावसायिक बनाउन कानून विषयको स्नातक वा सो सरहको उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाले अध्ययन अध्यापन गराउने पाठ्यक्रमको मापदण्ड निर्धारण गर्ने सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएको छ। त्यसैगरी परिषद्ले कानून व्यवसायीलाई निरन्तर कानूनी शिक्षाको प्रबन्ध गर्ने र सोको लागि आवश्यक पाठ्यक्रम, पाठ्यसामग्री, अनुसन्धान र प्रशिक्षणको व्यवस्था गर्न, कानून व्यवसायीको पेशागत आचरणलाई नियमन गर्न, कानून व्यवसायीले पक्षसँग लिने शुल्क बैंकिङ्ग च्यानलमार्फत लिने व्यवस्था गरी कानून व्यवसायीले लिने शुल्क पारदर्शी बनाउन तथा नेपालको संविधानले अवलम्बन गरेको संघीय शासन प्रणाली बमोजिम परिषद्को संरचनालाई प्रदेशसम्म विस्तार गर्न र कानून व्यवसायीले आफ्नो कार्यालय वा फर्म परिषद्मा सूचीकृत तथा अद्यावधिक गर्ने व्यवस्था समावेश गरी नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० लाई संशोधन गर्न आवश्यक भएकोले यो विधेयक पेस गरेको छु।

अजय कुमार चौरसिया
मन्त्री
कानून, न्याय तथा संसदीय मामिला

**आर्थिक टिप्पणी**

प्रस्तुत विधेयकमा मूलतः कानून व्यवसायीलाई निरन्तर तालीम तथा प्रशिक्षण प्रदान गर्ने कानून व्यवसायी प्रतिष्ठान (लयर्स एकेडेमी) गठन गर्ने विषय तथा कानून विषयमा स्नातक वा सो सरहको उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालय, आङ्गिक क्याम्पस वा कलेजको मापदण्ड निर्धारण गर्ने लगायतका समसामयिक संशोधनका विषयहरू समावेश छन्। कानून व्यवसायी प्रतिष्ठानको व्यवस्थापन तथा सञ्चालन परिषद्को आफ्नै कोषबाट हुने हुँदा सो प्रतिष्ठानको सञ्चालन गर्दा नेपाल सरकारले थप आर्थिक व्ययभार व्यहोर्नुपर्ने छैन। साथै विधेयकमा रहेका अन्य विषयहरूको कार्यान्वयनबाट समेत नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने अवस्था छैन।

**नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० लाई संशोधन गर्न बनेको विधेयकमा रहेको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी**

| विधेयकको दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|
| दफा १३ को उपदफा (२) | ऐनको दफा २० मा थप गर्न प्रस्ताव गरिएको उपदफा (२क) को खण्ड (ग) बमोजिम कानून व्यवसायीको लगत अद्यावधिक गर्नको लागि आवश्यक ठानेका विवरणहरू परिषद्ले तोक्न आवश्यक भएको। | कानून व्यवसायीको लगत अद्यावधिक गर्न आवश्यक विवरण परिषद्द्वारा तोकिने। | प्रत्येक कानून व्यवसायीको लगत अद्यावधिक गर्न आवश्यक पर्ने विवरणहरू एकिन हुने। |
| दफा १३ को उपदफा (२) | ऐनको दफा २० मा थप गर्न प्रस्ताव गरिएको उपदफा (२ख) बमोजिम कानून व्यवसायीले तोकिएको समयभित्र लगत अद्यावधिक गर्न नसकेको अवस्थामा निश्चित शुल्क लिई लगत अद्यावधिक गर्ने व्यवस्था गर्न आवश्यक भएको। | तोकिएको समयमा लगत अद्यावधिक नगरी सो समयावधि व्यतित भएपछि लगत अद्यावधिकको लागि निवेदन दिने कानून व्यवसायीको लगत अद्यावधिक गर्नको लागि लाग्ने शुल्क परिषद्ले निर्धारण गर्ने। | समयमा लगत अद्यावधिक नगर्ने कानून व्यवसायीको लगत परिषद्ले निर्धारण गरेको शुल्क लिई जहिलेसुकै अद्यावधिक हुने। |
| दफा १४ | ऐनमा थप गर्न प्रस्ताव गरिएको दफा २०क. को उपदफा (२) मा कानून व्यवसायीले प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो कार्यालय वा फर्म परिषद्मा सूचीकृत तथा अद्यावधिक गर्ने प्रक्रियाका सम्बन्धमा आवश्यक व्यवस्था गर्नुपर्ने भएको। | कानून व्यवसायीले परिषद्समक्ष आफ्नो कार्यालय वा फर्म सूचीकृत तथा अद्यावधिक गर्दा अवलम्बन गर्नुपर्ने प्रक्रिया नियामवलीमा उल्लेख हुने। | प्रचलित कानून बमोजिम दर्ता भएका कानून व्यवसायीको फर्म वा कार्यालय परिषद्मा सूचीकृत तथा अद्यावधिक हुने। |
| दफा १९ | ऐनमा थप गर्न प्रस्ताव गरिएको दफा २५क. को उपदफा (१) को कार्यान्वयन गर्न परिषद्ले कानूनी शिक्षा अध्यापन गराउने | कानूनी शिक्षालाई स्तरीय र व्यावसायिक बनाउन शैक्षिक संस्थासँगको परामर्शमा परिषद्बाट मापदण्ड निर्धारण | कानूनी शिक्षाको पाठ्यक्रम तथा शिक्षण सिकाइमा एकरुपता कायम हुने तथा कानूनी शिक्षाको गुणस्तर |

| | | | |
|---|---|---|---|
| | शैक्षिक संस्थाको पाठ्यक्रमका सम्बन्धमा आवश्यक मापदण्ड निर्धारण गर्न आवश्यक भएको। | गरिने। | कायम हुने। |
| दफा १९ | ऐनमा थप गर्न प्रस्ताव गरिएको दफा २५घ. को उपदफा (७) बमोजिम प्रतिष्ठानको तर्फबाट सम्पादन गर्नुपर्ने काम कारबाही अगाडि बढाउन गठन गरिएको सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि आवश्यक भएको। | कानून व्यवसायी प्रतिष्ठान सञ्चालन गर्न गठन हुने सञ्चालक समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि सञ्चालक समिति आफैंले निर्धारण गर्ने। | सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि निर्धारण भई सोही बमोजिम समितिको बैठक सञ्चालन हुने। |
| दफा १९ | ऐनमा थप गर्न प्रस्ताव गरिएको दफा २५ङ. को खण्ड (घ) बमोजिम प्रतिष्ठानले सञ्चालन गर्ने तालीम तथा प्रशिक्षण सेमिनार, अन्तरक्रिया, अध्ययन, अनुसन्धान र प्रकाशन, विदेशी मुलुकका यस्तै प्रकृतिका प्रतिष्ठानसँग अनुभव तथा फेलोसिप आदानप्रदानको अतिरिक्त प्रतिष्ठान स्थापना गर्नुको उद्देश्य हासिल गर्न प्रतिष्ठानले अन्य उपयुक्त कामकारबाही गर्न सक्ने व्यवस्था गर्न आवश्यक भएको। | कानून व्यवसायी प्रतिष्ठान स्थापनाको उद्देश्य पूरा गर्नको लागि सञ्चालक समितिका अन्य कार्य नियमावलीमा तोकिने। | प्रतिष्ठानको तर्फबाट सञ्चालक समितिले गर्ने कार्यहरू प्रष्ट भई प्रतिष्ठानको काम कारबाही प्रभावकारी बनाउन सहयोग पुग्ने। |
| दफा २१ | मूल ऐनमा थप गर्न प्रस्ताव गरिएको दफा २७क. बमोजिम परिषदले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको प्रभावकारी कार्यान्वयन गर्न विनियमहरू बनाई लागू गर्न आवश्यक भएको। | ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले विनियम बनाई लागू गर्ने। | ऐनको प्रभावकारी कार्यान्वयन हुने। |

## नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० लाई संशोधन गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| क्र. सं. | विधेयकको दफा | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १. | २ | विधेयकको विभिन्न दफामा प्रयोग भएको "शैक्षिक संस्था" भन्ने शब्दले कानून विषयमा स्नातक वा सो सरहको उच्च शिक्षा प्रदान गर्ने प्रचलित कानूनबमोजिम स्थापना भएका विश्वविद्यालय, आङ्गिक क्याम्पस वा कलेजलाई जनाउने गरी र "प्रतिष्ठान" भन्ने शब्दले कानून व्यवसायीहरूको क्षमता र दक्षता अभिवृद्धि गर्न यस ऐन बमोजिम गठन हुने कानून व्यवसायी प्रतिष्ठान (लयर्स एकेडेमी) लाई जनाउने गरी परिभाषा गरिएको छ। |
| २. | ३ | नेपालको संविधानले अवलम्बन गरेको संघीय शासन प्रणाली बमोजिम परिषद्को संरचनालाई प्रदेशसम्म विस्तार गर्न ऐनको दफा ३ को उपदफा (६) मा परिषद्ले आवश्यकता अनुसार प्रदेशमा कार्यालय स्थापना गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| ३. | ४ | • कानून व्यवसायी परिषद्को सम्पर्क मन्त्रालयको रूपमा रहेको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको समेत परिषद्मा प्रतिनिधित्व गराई परिषद्को काम कारबाहीलाई प्रभावकारी बनाउन ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ख१) मा उक्त मन्त्रालयको सचिव परिषद्को सदस्य रहने व्यवस्था थप गर्न प्रस्ताव गरिएको छ।<br>• राज्यले अवलम्बन गरेको समावेशी सिद्धान्तको कार्यान्वयन गर्नको लागि परिषद्मा वरिष्ठ अधिवक्ता वा अधिवक्ताहरू मनोनयन गर्दा कम्तीमा एक जना महिला कानून व्यवसायीसमेत अनिवार्य रूपमा मनोनयन गर्नु पर्ने व्यवस्था गरी दफा ४ को उपदफा (१) को खण्ड (च) मा संशोधनको प्रस्ताव गरिएको छ। |
| ४. | ५ | • दफा ८ को उपदफा (१) को खण्ड (ग१) मा कानून व्यवसाय गर्नको लागि प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा कार्यालय र फर्म दर्ता गरेका कानून व्यवसायीहरूले त्यस्ता कार्यालय र फर्म परिषद्मासमेत सूचीकृत तथा अद्यावधिक गर्नु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ। प्रचलित कानून बमोजिम दर्ता भएका कानून व्यवसायीका कार्यालय वा फर्म परिषद्मा दर्ता तथा अद्यावधिक भएमा कानून व्यवसाय सञ्चालन गर्ने कानून व्यवसायीको फर्म तथा कार्यालयको तथ्याङ्क एकिन गर्न सहयोग पुग्ने देखिन्छ। |

| | | |
|---|---|---|
| | | • दफा ८ को उपदफा (१) को खण्ड (झ) मा संशोधन गरी कानून विषयमा स्नातक वा सो सरहको उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालय, आङ्गिक क्याम्पस तथा कलेजको परामर्शमा शैक्षिक संस्थाको मापदण्ड निर्धारण गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। उक्त व्यवस्थाले कानूनी शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाको पाठ्यक्रममा एकरूपता आउने तथा त्यस्ता शैक्षिक संस्थाले प्रदान गर्ने कानूनी शिक्षामा गुणस्तर अभिवृद्धि हुने देखिन्छ।<br>• दफा ८ को उपदफा (१) को खण्ड (ट) मा परिषद्ले आवश्यकता अनुसार अध्ययन, अनुसन्धान गर्ने र कानून व्यवसायीलाई प्रशिक्षण तथा तालीम दिने व्यवस्था प्रस्ताव गरिएको छ। यसबाट कानून व्यवसायीको क्षमता अभिवृद्धि भई निजहरू दक्ष, योग्य, प्रतिस्पर्धी र व्यावसायिक हुन सक्ने देखिन्छ।<br>• दफा ८ को उपदफा (१) को खण्ड (ट१) मा परिषद्ले कानून व्यवसायीलाई निरन्तर कानूनी शिक्षाको प्रबन्ध गर्ने र सोको लागि आवश्यक पाठ्यक्रम, पाठ्यसामग्री, अनुसन्धान र प्रशिक्षणको व्यवस्था गर्ने विषय प्रस्ताव गरिएको छ। सो व्यवस्थाबाट कानून व्यवसायीको व्यावसायिकता र दक्षता हासिल हुने देखिन्छ।<br>• दफा ८ को उपदफा (१) को खण्ड (ठ१) मा स्वेच्छिक निःशुल्क कानूनी सेवा (प्रो वोनो) उपलब्ध गराउने कानून व्यवसायीको अभिलेख व्यवस्थापन सम्बन्धी व्यवस्था प्रस्ताव गरिएको छ। यसबाट राज्यले निःशुल्क कानूनी सेवा दिन कानून व्यवसायीलाई उत्प्रेरित गर्न अबलम्बन गरेको नीतिगत व्यवस्था कार्यान्वयन हुने तथा कानून व्यवसायीबाट निःशुल्क रूपमा कानूनी सेवा (प्रो वोनो) उपलब्ध हुँदै आएकोमा सोको अभिलेख व्यवस्थापन हुने देखिन्छ। |
| ५. | ६ | • ऐनको दफा १० मा परिषद्को छुट्टै कोष र सो कोषमा रहने रकमसम्बन्धी व्यवस्था रहेको तर उक्त कोषबाट परिषद्ले के कस्ता कार्यमा रकम खर्च गर्न सक्छ भन्ने सम्बन्धमा प्रष्ट व्यवस्था नभएकोले परिषद्को कोषबाट रकम खर्च गर्न सकिने कार्यहरू प्रष्ट रूपमा उल्लेख गरी ऐनको दफा १० को उपदफा (२) पछि उपदफा (२क) थप गर्न प्रस्ताव गरिएको छ। उक्त व्यवस्थाले परिषद्को कोषमा रहेको रकम कानून व्यवसायीको हक हित संरक्षण, निजहरूको क्षमता विकास, परिषद्बाट हुने प्रशासनिक कार्य, परिषद्ले सम्पादन गर्ने अन्य कुनै कार्य र कानून व्यवसायी प्रतिष्ठानको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यमा खर्च गर्न सकिने देखिन्छ। प्रस्तुत व्यवस्थाले परिषद्को कोषबाट हुने खर्चका क्षेत्रहरू निर्क्योल हुने देखिन्छ। |
| ६. | ७ | • दफा ११ को उपदफा (३) को मौजुदा कानूनी व्यवस्थामा अनुशासन |

| | | |
|---|---|---|
| | | समितिले कानून व्यवसायीलाई सचेत गराउन सक्ने प्रावधान नरहेको तथा कानून व्यवसायीको प्रमाणपत्र अनुशासन समिति तथा परिषद् दुवैले रद्द गर्न सक्ने अवस्था छ। उक्त व्यवस्थालाई परिमार्जन गरी दफा ११ को उपदफा (३) मा अनुशासन समितिले कानून व्यवसायी विरूद्ध परेको उजूरीका सम्बन्धमा छानबिन गर्दा दोषी देखिएमा कानून व्यवसायीलाई सचेत गराउने, नसिहत दिने, निजको प्रमाणपत्र निलम्बन गर्ने वा प्रमाणपत्र रद्द गर्न परिषद्समक्ष सिफारिस गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ। उक्त व्यवस्थाबाट अनुशासन समितिले आवश्यकता अनुसार कानून व्यवसायीलाई सचेत गराउन सक्ने र सजाय गर्न सक्ने अवस्था रहन्छ। त्यसैगरी कानून व्यवसायीको प्रमाणपत्र अनुशासन समिति र परिषद् दुवैले रद्द गर्न सक्ने गरी भएको विद्यमान दोहोरो व्यवस्थामा सुधार भई अनुशासन समिति आफैंले प्रमाणपत्र रद्द नगरी प्रमाणपत्र रद्द गर्नको लागि परिषद्समक्ष सिफारिस गर्न सक्ने व्यवस्था कायम हुने देखिन्छ।<br>• दफा ११ को उपदफा (३) मा अनुशासन समितिले प्रमाणपत्र रद्द नगरी सोको लागि परिषद्समक्ष सिफारिस मात्र गर्ने व्यवस्था मिलाइएकोले दफा ११ को उपदफा (५) मा रहेको अनुशासन समितिको निर्णय उपर सर्वोच्च अदातलमा पुनरावेदन गर्न सक्ने मौजुदा व्यवस्थालाई परिमार्जन गरी अनुशासन समितिको निर्णयमा चित्त नबुझ्ने कानून व्यवसायीले परिषद्समक्ष पुनरावेदन गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| ७. | ८ | • ऐनको दफा ११ मा अनुशासन समितिले कानून व्यवसायीलाई दिने सजायका सम्बन्धमा व्यवस्था रहेको भए तापनि सजायका अवस्था र आधारहरू प्रष्ट नभएको अवस्था छ। अतः दफा ११ पछि दफा ११क. मा अनुशासन समितिले कानून व्यवसायीलाई सचेत गराउन सक्ने अवस्था, दफा ११ख. मा कानून व्यवसायीलाई नसिहत दिने अवस्था, दफा ११ग. मा कानून व्यवसायीको प्रमाणपत्र निलम्बन गर्ने अवस्था तथा दफा ११घ. मा प्रमाणपत्र रद्द गर्न सिफारिस गर्ने अवस्था प्रष्ट रूपमा व्यवस्था गर्न प्रस्ताव गरिएको छ। यसबाट अनुशासन समितिले कस्तो अवस्थामा कानून व्यवसायीलाई सचेत गराउने, नसिहत दिने, प्रमाणपत्र निलम्बन गर्ने वा प्रमाणपत्र रद्द गर्न परिषद् समक्ष सिफारिस गर्ने हो भन्ने सम्बन्धमा स्पष्टता कायम हुने देखिन्छ। |
| ८. | ९ | ऐनको दफा १२ मा परिषद्ले आफ्नो कार्य सञ्चालन गर्नको लागि अनुशासन समिति र परीक्षा समितिका अतिरिक्त कार्य सम्पादन समिति, प्रकाशन समिति, पुरस्कार समिति र अन्तर्राष्ट्रिय सम्बन्ध समिति गठन गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ। यसबाट परिषद्को काम कारबाहीलाई |

| | | |
|---|---|---|
| | | व्यवस्थित र प्रभावकारी बनाउन सहज हुने देखिन्छ। |
| ९. | १० | ऐनको दफा १५ मा रहेको परीक्षा समितिको नामको अगाडि रहेका "कानून व्यवसायी" भन्ने शब्दहरू हटाउन प्रस्ताव गरिएको छ। ऐनको दफा १२ मा परिषद्‌ले गठन गर्ने समितिमा परीक्षा समिति मात्र उल्लेख गर्न प्रस्ताव गरिएको हुँदा यस दफामा समेत सो समितिको नाम परीक्षा समिति उल्लेख गरी भाषागत रूपमा एकरूपता कायम गर्न खोजिएको छ। |
| १०. | ११ | • ऐनको दफा १८ पछि दफा १८क. थप गरी कानून व्यवसायीको परीक्षामा सहभागी हुन चाहने व्यक्तिले सरकारी सेवामा कार्यरत रहेको भएमा सोको जानकारी परीक्षामा सामेल हुनु अगाडि नै दिनु पर्ने, त्यस्तो व्यक्तिले परीक्षा उत्तीर्ण गरेमा निजको प्रमाणपत्र परिषद्‌ले सुरक्षित रूपमा राख्नु पर्ने र निज सरकारी सेवाबाट अलग भए पछि परिषद्‌ले प्रमाणपत्र दिनु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ। यसबाट सरकारी सेवामा आवद्ध रहेको व्यक्तिले सो सेवामा कार्यरत रहँदाकै अवस्थामा कानून व्यवसाय नगरी सरकारी सेवाबाट अलग भएपछि मात्र कानून व्यवसाय गर्न सक्ने व्यवस्था मिलाउन खोजिएको छ। |
| ११. | १२ | • ऐनको दफा १९ मा रहेको परिषद्‌ले कानून व्यवसायीको प्रमाणपत्र रद्द गर्न सक्ने मौजुदा व्यवस्थामा परिमार्जन गरी परिषद्‌ले कानून व्यवसायीको प्रमाणपत्र रद्द गर्ने विभिन्न अवस्थाहरूलाई स्पष्ट रूपमा उल्लेख गर्न प्रस्ताव गरिएको छ। कानून व्यवसायी प्रमाणपत्र प्राप्त गर्नु अघि नै प्रमाणपत्र प्राप्त गर्न अयोग्य भएको, भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, पुरातात्त्विक महत्त्वका वस्तुहरूको अवैध कारोबार, संरक्षित वन्यजन्तु सम्बन्धी कसूर, सङ्गठित अपराध वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको अवस्थामा परिषद्‌ले त्यस्तो कानून व्यवसायीको प्रमाणपत्र रद्द गर्ने व्यवस्था गरिएको छ। |
| १२. | १३ | • ऐनको दफा २० मा कानून व्यवसायीको लगत राख्ने सम्बन्धी व्यवस्था रहेको भए तापनि लगत अद्यावधिक गराउनु पर्ने निश्चित समय सीमा तोकिएको छैन। अतः दफा २० को उपदफा (२) को मौजुदा व्यवस्था परिमार्जन गरी परिषद्‌ले कानून व्यवसायीको लगत प्रत्येक तीन वर्षमा अद्यावधिक गर्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ। यसबाट कानून व्यवसायीको लगत व्यवस्थित भई कानून व्यवसायीको बारेमा स्पष्ट जानकारी प्राप्त हुन सक्ने देखिन्छ।<br>• दफा २० को उपदफा (२क) मा कानून व्यवसायीको लगत अद्यावधिक |

| | | |
|---|---|---|
| | | गर्नको लागि निजले उपलब्ध गराउनु पर्ने कागजात र विवरण प्रस्ताव गरिएको छ।<br>• दफा २० को उपदफा (२ख) मा कानून व्यवसायीले तोकिएको समयमा आफ्नो विवरण परिषद्मा अद्यावधिक गराउन नसकेमा परिषद्ले तोकेको शुल्क दिई निजको लगत अद्यावधिक गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ। यसबाट कुनै कारणवश कानून व्यवसायीको लगत तोकिएको समयमा अद्यावधिक हुन नसकेमा परिषद्ले तोकेको शुल्क तिरी कानून व्यवसायीको विवरण अद्यावधिक गर्न सहज हुने देखिन्छ। |
| १३. | १४ | ऐनको दफा २० पछि दफा २०क. थप गरी प्रत्येक कानून व्यवसायीले प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो कार्यालय वा फर्म परिषद्मा सूचीकृत तथा अद्यावधिक गराउनु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ। यसबाट कानून व्यवसाय गर्न स्थापित कार्यालय वा फर्मको एकीकृत अभिलेख तयार हुने तथा कानून व्यवसाय थप मर्यादित र विश्वसनीय हुने देखिन्छ। |
| १४. | १५ | • ऐनको दफा २१ को उपदफा (१) मा रहेको वरिष्ठ अधिवक्ताको उपाधि प्राप्त गर्न अधिवक्ताले कम्तीमा पन्ध्र वर्ष सर्वोच्च अदालत वा पुनरावेदन तहको अदालतमा कानून व्यवसाय गरेको हुनुपर्ने व्यवस्थालाई संशोधन गरी बरिष्ठ अधिवक्ताको लागि न्यूनतम पच्चीस बर्षको कार्य अनुभव आवश्यक पर्ने व्यवस्था प्रस्ताव गरिएको छ।<br>• दफा २१ को उपदफा (२) पछि उपदफा (३) थप गरी परिषद्ले सर्वोच्च अदालतले निर्धारण गरेको मापदण्ड बमोजिम कानून व्यवसायीको सूची सर्वोच्च अदालतमा पठाउने र सर्वोच्च अदालतले दिएको वरिष्ठ उपाधिको विवरणसमेत अद्यावधिक गर्नु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ। यसबाट वरिष्ठ अधिवक्ताको उपाधि दिने सम्बन्धी प्रावधान थप व्यवस्थित हुने देखिन्छ। |
| १५. | १६ | • ऐनको दफा २२ को उपदफा (२) पछि उपदफा (३), (४) र (५) थप गर्न प्रस्ताव गरिएको छ। उपदफा (३) मा वरिष्ठ अधिवक्ताले अदालतसमक्ष बहस गर्दा कम्तीमा एकजना अधिवक्ता साथमा लिई उपस्थित हुनुपर्ने प्रस्ताव गरिएको छ। यसबाट नवप्रवेशी कानून व्यवसायीहरूलाई अनुभवी वरिष्ठ अधिवक्ताबाट बहस कला, सीप र ज्ञान हस्तान्तरण हुने देखिन्छ।<br>• उपदफा (४) मा कानून व्यवसायीले आफूले कार्य गरेको वा कानूनी सल्लाहकार भएको संस्थाबाट अलग भएको मितिले एक वर्षसम्म सो संस्थाको विरूद्धमा र उपदफा (५) मा सरकारी सेवा, नेपाल सरकार वा |

| | | |
|---|---|---|
| | | प्रदेश सरकारको स्वामित्व भएका संस्थाको सेवाबाट अवकाश पाएको वा अलग भएको कानून व्यवसायीले अवकाश पाएको वा अलग भएको मितिले एक वर्षसम्म आफ्नो मुद्दामा बाहेक त्यस्तो सरकारी कार्यालय वा संस्थाको विरूद्धमा कुनै पनि अड्डा, अदालत वा अधिकारीका समक्ष उपस्थित हुन, मुद्दा दायर गर्न, पैरवी गर्न र बहस गर्न नपाउने व्यवस्था प्रस्ताव गरिएको छ। यसबाट कानून व्यवसायी अलग भएको संस्थाको महत्वपूर्ण सूचना तथा गोपनीयताको संरक्षण हुनुको साथै कानून व्यवसायीहरूको व्यावसायिकता समेत अभिवृद्धि हुने देखिन्छ। |
| १६. | १७ | ऐनको दफा २४ मा कुनै कानून व्यवसायीले पैरवी र बहस गरेको आधारमा कुनै मुद्दा नचल्ने व्यवस्था थप गर्न प्रस्ताव गरिएको छ। उक्त व्यवस्थाले कानून व्यवसायीले कानून व्यवसायको सिलसिलामा बहस पैरवी गर्दा प्रचलित कानून बमोजिम पक्षको हकहितको सुरक्षा गर्न थप उत्प्रेरित हुने र कानून व्यवसायीको पेशागत सुरक्षा हुने देखिन्छ। |
| १७. | १८ | ऐनको दफा २४ पछि दफा २४क. थप गरी कानून व्यवसायीलाई आफ्नो पक्षको तर्फबाट बहस पैरवी गरेको आधारमा कानून व्यवसायीलाई धाक, धम्की दिने, डर, त्रास उत्पन्न गर्ने, गराउने, शारीरिक आक्रमण गर्ने वा मानसिक यातना दिने कार्य गर्न नहुने व्यवस्था प्रस्ताव गरिएको छ। यसबाट कानून व्यवसायी स्वतन्त्र र निष्पक्ष रूपमा मुद्दाको पक्षको हकहितको रक्षाको लागि काम गर्न सक्ने वातावरण सिर्जना हुने देखिन्छ। |
| १८. | १९ | परिच्छेद-५क. मा शैक्षिक संस्थाको मापदण्ड र मान्यता सम्बन्धी व्यवस्था र परिच्छेद-५ख. मा कानून व्यवसायी प्रतिष्ठान सम्बन्धी व्यवस्था थप गर्न प्रस्ताव गरिएको छ। परिच्छेद-५क. अन्तर्गत दफा २५क. मा परिषद्ले शैक्षिक संस्थाको पाठ्यक्रमका सम्बन्धमा आवश्यक मापदण्ड निर्धारण गर्ने व्यवस्था गरिएको छ। उक्त व्यवस्थाले कानूनी शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाको गुणस्तर अभिवृद्धि गर्न तथा शैक्षिक संस्थाको पाठ्यक्रममा एकरूपता कायम गर्न सहयोग पुग्ने देखिन्छ। दफा २५ख. मा परिषद्ले शैक्षिक संस्थाले मापदण्ड पालना गरे नगरेको अनुगमन गर्ने व्यवस्था रहेको छ। उक्त व्यवस्थाले शैक्षिक संस्थालाई मापदण्ड पालना गराउन सहयोग पुग्ने देखिन्छ। दफा २५ग. मा परिषद्ले शैक्षिक संस्थालाई दिएको सुझावको कार्यान्वयन नगरेमा परिषद्ले त्यस्ता शैक्षिक संस्थाको अध्ययन अध्यापनको कार्यलाई मान्यता नदिने व्यवस्था गरेको छ। यस व्यवस्थाले परिषद्ले निर्धारण गरेको मापदण्डको पालना तथा शैक्षिक संस्थालाई दिएको सुझावको कार्यान्वयन गर्न सहयोग पुग्ने देखिन्छ।<br>• परिच्छेद-५ख. अन्तर्गत दफा २५घ. मा कानून व्यवसायी प्रतिष्ठान स्थापना |

| | | |
|---|---|---|
| | | सम्बन्धी व्यवस्था, दफा २५ङ. मा प्रतिष्ठानको काम सम्बन्धी व्यवस्था र २५च. मा परिषद्को अध्यक्ष प्रतिष्ठानको संरक्षक हुने व्यवस्था प्रस्ताव गरिएको छ। उक्त व्यवस्थाबाट निरन्तर कानून व्यवसायी तालीम तथा प्रशिक्षण सञ्चालन गर्ने तथा कानून व्यवसायीको व्यावसायिक दक्षता अभिवृद्धि गर्न विभिन्न किसिमका तालीम, गोष्ठी, सेमिनार, अन्तरक्रिया, अध्ययन, अनुसन्धान र प्रकाशन गर्न तथा विदेशी मुलुकका यस्तै प्रकृतिका प्रतिष्ठानसँग अनुभव तथा फेलोसिप आदान प्रदान गर्ने कार्य गर्न सहयोग पुग्ने देखिन्छ। |
| १९. | २० | • ऐनको दफा २६ पछि दफा २६क., २६ख. र २६ग. थप गर्न प्रस्ताव गरिएको छ। दफा २६क. मा कानून व्यवसायीले अदालतमा पैरवी र बहस गर्दा लगाउने पोशाक परिषद्ले निर्धारण गरेबमोजिम हुने व्यवस्था प्रस्ताव गरिएको छ। यसबाट कानून व्यवसाय थप मर्यादित र अनुशासित हुने देखिन्छ।<br>• दफा २६ख. मा कानून व्यवसायीले पक्षसँग सेवा शुल्क लिँदा विद्युतीय माध्यमको प्रयोग गर्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ। यसबाट कानून व्यवसायीले पक्षसँग लिने सेवा शुल्क पारदर्शी हुने देखिन्छ।<br>• दफा २६ग. मा कसैले कानून व्यवसायी उपर कुनै धाक, धम्की दिने, डर, त्रास उत्पन्न गर्ने, गराउने, शारीरिक आक्रमण गर्ने वा मानसिक यातना दिने कार्य गरेमा तथा कुनै अनधिकृत व्यक्तिले कानून व्यवसायीको रूपमा दर्ता नभई कानून व्यवसाय गरेमा सो कार्यलाई कसूर कायम गर्ने र त्यस्तो कसूरसम्बन्धी मुद्दा नेपाल सरकार वादी भई दायर गरिने व्यवस्था प्रस्ताव गरिएको छ। यसबाट कानून व्यवसायको पेशागत सुरक्षा हुने देखिन्छ। |
| २०. | २१ | • ऐनको दफा २७ पछि दफा २७क. थप गरी परिषद्ले आवश्यक विनियम बनाउन सक्ने व्यवस्था प्रस्ताव गरिएको छ। यसबाट परिषद्ले कर्मचारी प्रशासन तथा कर्मचारीको सेवाका शर्त र सुविधा सम्बन्धी विषय तथा आर्थिक प्रशासनसँग सम्बन्धित विषयमा विनियम बनाउन सक्ने देखिन्छ। |

## नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० लाई संशोधन गर्न बनेको विधेयकको तीन महले विवरण

| क्र. सं. | विधेयक को दफा | विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| १. | २ | नयाँ व्यवस्था थप | २. नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २ मा संशोधनः नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ङ) पछि देहायका खण्ड (ङ१) र (ङ२) थपिएका छन्:-<br>"(ङ१) "शैक्षिक संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई कानून विषयमा स्नातक वा सो सरहको उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालय, आङ्गिक क्याम्पस वा कलेज सम्झनु पर्छ।<br>(ङ२) "प्रतिष्ठान" भन्नाले दफा २५घ. बमोजिमको कानून व्यवसायी प्रतिष्ठान (लयर्स एकेडेमी) सम्झनु पर्छ।" | ऐनमा पटक-पटक प्रयोग हुने शब्दहरूलाई परिभाषित गर्न आवश्यक भएकोले। |
| २. | ३ | ३. परिषद्को स्थापनाः (१) नेपाल कानून व्यवसायी परिषद् नामको एक परिषद्को स्थापना हुनेछ।<br>(२) परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।<br>(३) परिषद्को आफ्नो एउटा छुट्टै छाप हुनेछ। | ३. मूल ऐनको दफा ३ मा संशोधनः मूल ऐनको दफा ३ को उपदफा (६) को अन्त्यमा "र परिषद्ले आवश्यकता अनुसार प्रदेशमा कार्यालय स्थापना गर्न सक्नेछ" भन्ने शब्दहरू थपिएका छन्। | नेपाल कानून व्यवसायी परिषद्ले प्रदेशहरूमा समेत प्रदेश कार्यालय स्थापना गर्न सक्ने व्यवस्था गर्न आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | (४) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न, बेच बिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।<br>(५) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर दिन र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।<br>(६) परिषद्को कार्यालय काठमाडौं उपत्यकामा रहनेछ। | | |
| ३. | ४ | ४. परिषद्को गठनः (१) नेपाल कानून व्यवसायी परिषद्मा देहाय बमोजिमका पार्षद्हरु रहनेछन्ः–<br>(क) नेपालको महान्यायाधिवक्ता,<br>(ख) अध्यक्ष, नेपाल बार एशोसिएशन,<br>(ग) रजिष्ट्रार, सर्वोच्च अदालत,<br>(घ) डीन, कानून संकाय, त्रिभुवन विश्वविद्यालय,<br>(ङ) नेपालको प्रत्येक प्रदेशमा कानून व्यवसाय गर्ने वरिष्ठ | ४. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को उपदफा (१) को,-<br>(१) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-<br>“(ख१) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,”<br>(२) खण्ड (च) मा रहेको "दुईजना" भन्ने शब्दको सट्टा “कम्तीमा एकजना महिला सहित तीनजना" भन्ने शब्दहरु राखिएका छन्। | • कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय नेपाल कानून व्यवसायी परिषद्को सम्पर्क मन्त्रालय रहेको सन्दर्भमा परिषद्को कामकारबाहीलाई थप प्रभावकारी बनाउन कानून व्यवसायी परिषद्मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव समेत रहने व्यवस्था गर्न आवश्यक भएकोले।<br>• नेपाल बार एशोसिएशनबाट मनोनयन हुने वरिष्ठ अधिवक्ता वा अधिवक्ताहरू मनोनयन गर्दा महिला कानून व्यवसायीको प्रतिनिधित्व समेतलाई सुनिश्चित गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | अधिवक्ता तथा अधिवक्ताहरुको निर्वाचक मण्डलबाट एकजनाका हिसाबले तोकिए बमोजिम निर्वाचित वरिष्ठ अधिवक्ता वा अधिवक्ताहरु, र<br>(च) नेपाल बार एशोसिएशनबाट मनोनीत दुईजना वरिष्ठ अधिवक्ता वा अधिवक्ताहरु। | | आवश्यक भएकोले। |
| ४. | ५ | ८. परिषद्को काम, कर्तव्य र अधिकारः (१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–<br>(क) कानून व्यवसायमा प्रवेश गर्नेहरूको परीक्षा लिने।<br>(ख) कानून व्यवसायीमा नाम दर्ता गर्ने सम्बन्धी कार्यविधिको व्यवस्था गर्ने।<br>(ग) योग्यता पुगेको व्यक्तिलाई कानून व्यवसायीमा दर्ता गर्ने।<br>(घ) कानून व्यवसायीको लागि तोकिएको व्यावसायिक आचरण संहिता अनुरूप कानून व्यवसायीले काम गरे नगरेको सम्बन्धमा अनुगमन | ५. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को उपदफा (१) को,-<br>(१) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-<br>"(ग१) प्रचलित कानून बमोजिम दर्ता भएका कानून व्यवसायीको कार्यालय वा फर्म सूचीकृत तथा अद्यावधिक गर्ने।"<br>(२) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः-<br>"(झ) कानूनी शिक्षालाई स्तरीय र व्यावसायिक बनाउन शैक्षिक संस्थासँगको परामर्शमा उपयुक्त मापदण्ड निर्धारण गर्ने।" | • कानून व्यवसायलाई थप व्यावसायिक बनाउन तथा कानून व्यवसायीको फर्म तथा कार्यालयको तथ्याङ्क एकीन गर्न परिषद्ले कानून व्यवसायीको कार्यालय र फर्म सूचीकृत तथा अद्यावधिक गर्ने व्यवस्था गर्न आवश्यक भएकोले।<br>• कानून विषयमा स्नातक वा सो सरहको उच्च शिक्षा प्रदान गर्ने प्रचलित कानूनबमोजिम स्थापना भएका विश्वविद्यालय, आङ्गिक क्याम्पस तथा कलेजसँगको परामर्शमा कानूनी शिक्षालाई स्तरीय र व्यावसायिक बनाउन कानूनी शिक्षाको मापदण्ड निर्धारण गर्न आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | गर्ने।<br>(ङ) कानून व्यवसायीले व्यवसायिक आचरण विरूद्ध गरेको कार्य सम्बन्धी उजूरी लिने र कारबाहीका लागि अनुशासन समितिमा पठाउने।<br>(च) अनुशासन समिति र अन्य समितिले अपनाउनु पर्ने कार्यविधि तोक्ने।<br>(छ) यस ऐनको व्यवस्था विरूद्धमा काम गर्नेहरू उपर मुद्दा चलाउने।<br>(ज) कानून व्यवसायीको इज्जत, प्रतिष्ठा, सुरक्षा, हकहित तथा सुविधाको संरक्षण गर्ने।<br>(झ) स्तरीय कानूनी शिक्षालाई प्रोत्साहन दिन विश्वविद्यालयसँग परामर्श गरी कानून व्यवसायको लागि उपयुक्त शैक्षिक मापदण्ड सिफारिस गर्ने।<br>(ञ) परिषद्को लागि आवश्यक कर्मचारीहरू नियुक्त गर्ने र उनीहरूको पारिश्रमिक तथा | (३) खण्ड (ट) मा रहेका “गरिमामय बनाउन आवश्यक प्रशिक्षण” भन्ने शब्दहरुको सट्टा “व्यावसायिक तथा मर्यादित बनाउन आवश्यक अध्ययन, अनुसन्धान, प्रशिक्षण” भन्ने शब्दहरु राखिएका छन्।<br>(४) खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छः-<br>"(ट१) निरन्तर कानूनी शिक्षाको प्रबन्ध गर्ने र सोको लागि आवश्यक पाठ्यक्रम, पाठ्यसामग्री, अनुसन्धान र प्रशिक्षणको व्यवस्था गर्ने।"<br>(५) खण्ड (ठ) पछि देहायको खण्ड (ठ१) थपिएको छः-<br>“(ठ१) स्वेच्छिक निःशुल्क कानूनी सेवा (प्रो वोनो) उपलब्ध गराउने कानून व्यवसायीको अभिलेख राख्ने।” | • कानून व्यवसायीको क्षमता अभिवृद्धि गर्न, दक्ष तथा व्यावसायिक बनाउन परिषद्ले अध्ययन, अनुसन्धान, प्रशिक्षण तथा तालीम दिने व्यवस्था गर्न आवश्यक भएकोले।<br>• परिषद्ले कानूनी साक्षरता अभिवृद्धि गर्नको लागि निरन्तर कानूनी शिक्षाको प्रबन्ध गर्ने र सोको लागि आवश्यक पाठ्यक्रम, पाठ्यसामग्री, अनुसन्धान र प्रशिक्षणको व्यवस्था गर्न आवश्यक भएकोले।<br>• कानून व्यवसायीद्वारा निःशुल्क रूपमा कानूनी सेवा (प्रो वोनो) उपलब्ध गराउँदै आएकोमा परिषद्ले त्यस्तो सेवा दिने कानून व्यवसायीको अभिलेख व्यवस्थित गर्न आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | अन्य सुविधाको व्यवस्था गर्ने।<br>(ट) कानून व्यवसायीलाई कानून व्यवसायको व्यावहारिक अनुभव दिलाई कानून व्यवसायलाई गरिमामय बनाउन आवश्यक प्रशिक्षण तथा तालीमको व्यवस्था गर्ने।<br>(ठ) कानून व्यवसायीको हित अभिवृद्धि गर्न अध्ययन, छलफल, सभा, गोष्ठी, प्रवचन आदिको व्यवस्था गर्ने र आवश्यक प्रकाशनको व्यवस्था गर्ने।<br>(ड) परिषद्को कोषको प्रबन्ध गर्ने। | | |
| ५. | ६ | १०. <u>परिषद्को कोष</u>ः (१) परिषद्को एउटा छुट्टै कोष हुनेछ।<br>(२) परिषद्को कोषमा नेपाल सरकार, कुनै व्यक्ति वा संस्थाबाट प्राप्त हुने अनुदान तथा परिषद्ले उठाउने अन्य शुल्क आदिबाट प्राप्त हुने रकम जम्मा | ६. <u>मूल ऐनको दफा १० मा संशोधनः</u> मूल ऐनको दफा १० को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-<br>"(२क) उपदफा (१) बमोजिमको कोषमा रहेको रकम देहाय बमोजिम खर्च गर्न सकिनेछः-<br>(क) कानून व्यवसायीको हक हित संरक्षण सम्बन्धी कार्यमा,<br>(ख) कानून व्यवसायीको क्षमता विकास सम्बन्धी | नेपाल कानून व्यवसायी परिषद्को कोषमा रहने रकम खर्च गर्ने क्षेत्रहरूका सम्बन्धमा प्रष्ट व्यवस्था गर्न आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | गरिनेछ।<br><br>(३) परिषद्को कोषको सञ्चालन परिषद्ले तोकेको पार्षद् र परिषद्ले तोकेको परिषद्को कर्मचारीको संयुक्त दस्तखतबाट गरिनेछ।<br><br>(४) परिषद्ले तोकेको लेखा परीक्षकले प्रत्येक वर्ष परिषद्को लेखा परीक्षण गर्नेछ। | कार्यमा,<br>(ग) प्रतिष्ठानको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यमा,<br>(घ) परिषद्बाट हुने प्रशासनिक कार्यमा, र<br>(ङ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम परिषद्ले सम्पादन गर्ने अन्य कार्यमा।" | |
| ६. | ७ | ११. अनुशासन समितिः (१) कुनै कानून व्यवसायीले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा आचार संहिता विरुद्ध कुनै काम गरेको छ भनी परिषद्मा उजूरी परेमा वा जानकारी हुन आएमा सो उपर छानबिन गरी आवश्यक कारबाही गर्नका लागि परिषद्ले एकजना पार्षद्को अध्यक्षतामा अनुशासन समिति गठन गर्न सक्नेछ।<br><br>(२) अनुशासन समितिलाई समाव्हान जारी गर्ने र साक्षी प्रमाण बुझ्ने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार हुनेछ।<br><br>(३) अनुशासन समितिले दोषी | ७. मूल ऐनको दफा ११ मा संशोधनः मूल ऐनको दफा ११ को,-<br>(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-<br>"(३) उपदफा (१) बमोजिम अनुशासन समितिले छानबिनबाट दोषी देखिएको कानून व्यवसायीलाई देहाय बमोजिमको कारबाही गर्न सक्नेछः-<br>(क) सचेत गराउने,<br>(ख) नसिहत दिने,<br>(ग) प्रमाणपत्र निलम्बन गर्ने, वा<br>(घ) कानून व्यवसायीको प्रमाणपत्र रद्द गर्न परिषद्समक्ष सिफारिस गर्ने।"<br><br>(२) उपदफा (५) मा रहेका "सर्वोच्च अदालतमा" भन्ने शब्दहरूको सट्टा "परिषद्मा" भन्ने शब्द राखिएको छ। | • हाल नेपाल कानून व्यवसायी परिषद् अन्तर्गतको अनुशासन समितिले कानून व्यवसायीलाई सचेत गराउने व्यवस्था नरहेकोमा अनुशासन समितिले कानून व्यवसायीलाई अन्य सजायको अतिरिक्त सचेत गराउन सक्ने व्यवस्था गर्न तथा कानून व्यवसायीको प्रमाणपत्र अनुशासन समिति र परिषद् दुवैले रद्द गर्न सक्ने गरी भएको विद्यमान दोहोरो व्यवस्थामा सुधार गरी अनुशासन समिति आफैंले प्रमाणपत्र रद्द नगरी प्रमाणपत्र रद्द गर्नको लागि परिषद् समक्ष सिफारिस गर्न सक्ने व्यवस्था गर्न आवश्यक भएकोले।<br><br>• अनुशासन समितिले प्रमाणपत्र रद्द नगरी सोको लागि परिषद्समक्ष सिफारिससम्म |

| | | | | |
|---|---|---|---|---|
| | | देखिएको कानून व्यवसायीलाई देहाय बमोजिम गर्ने गरी निर्णय दिन सक्नेछः–<br>(क) नसिहत दिने,<br>(ख) कुनै खास अवधिको लागि कानून व्यवसाय गर्न नपाउने गर्ने, र<br>(ग) कानून व्यवसायीको प्रमाणपत्र रद्द गर्ने।<br>(४) उपदफा (३) बमोजिमको कारबाही गर्दा सम्बन्धित कानून व्यवसायीलाई सफाई पेश गर्ने उचित मौका दिनु पर्नेछ।<br>(५) अनुशासन समितिको निर्णयमा चित्त नबुझ्ने कानून व्यवसायीले निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ। | | मात्र गर्ने व्यवस्था मिलाइएकोले अनुशासन समितिको निर्णयमा चित्त नबुझ्ने कानून व्यवसायीले परिषद् समक्ष पुनरावेदन गर्न सक्ने व्यवस्था गर्न आवश्यक भएकोले। |
| ७. | ८ | नयाँ व्यवस्था थप | ८. <u>मूल ऐनमा दफा ११क., ११ख., ११ग., र ११घ. थपः</u> मूल ऐनको दफा ११ पछि देहायका दफा ११क., ११ख., ११ग. र ११घ. थपिएका छन्:-<br>"११क. <u>सचेत गराउनेः</u> अनुशासन समितिले देहायको कुनै अवस्थामा कानून व्यवसायीलाई सचेत गराउन सक्नेछः-<br>(क) आफ्नो पेशाको व्यावसायिक प्रचारको | • नेपाल कानून व्यवसायी परिषद् अन्तर्गतको अनुशासन समितिले कानून |

| | | | | |
|---|---|---|---|---|
| | | | उद्देश्यले विज्ञापन गरेमा,<br>(ख) सञ्चार माध्यमबाट कसैलाई होच्याउने, आक्षेप लगाउने वा बेइज्जती हुने गरी टिप्पणी गरेमा,<br>(ग) मुद्दाका पक्षबाट प्राप्त तथ्य तथा जानकारीको गोपनीयता नराखेमा,<br>(घ) पक्षबाट सेवा शुल्क बापत पारिश्रमिक लिई अभिलेख नराखेमा,<br>(ङ) मिसिलमा नभएको तथ्य बहसमा प्रस्तुत गरेमा,<br>(च) अड्डा, अदालतमा बहस, पैरवी गर्दा परिषद्ले निर्धारण गरेको पोशाक नलगाएमा,<br>(छ) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम पालना गर्नु पर्ने आचरण पालना नगरेमा।<br>११ख. <u>नसिहत दिने:</u> अनुशासन समितिले देहायको कुनै अवस्थामा कानून व्यवसायीलाई नसिहत दिन सक्नेछः-<br>(क) मुद्दाको हारजितको आधारमा आफ्नो पारिश्रमिक तय गरेमा,<br>(ख) अस्तित्वमा नभएको कानून उल्लेख गरी मुद्दा दायर गरेमा वा कानूनी राय दिएमा,<br>(ग) अन्य कानून व्यवसायीलाई मुद्दा पठाएबापत कमिशन लिएमा,<br>(घ) दफा २० बमोजिम लगत अद्यावधिक गर्न विवरण उपलब्ध नगराएमा, | व्यवसायीलाई सचेत गराउन सक्ने गरी सजायको व्यवस्था मिलाइएकोमा कानून व्यवसायीलाई सचेत गराउन सकिने आधार प्रष्ट रूपमा उल्लेख गर्न आवश्यक भएकोले।<br><br>• हाल अनुशासन समितिले कानून व्यवसायीलाई नसिहत दिने व्यवस्था रहेको भए तापनि अनुशासन समितिले नसिहतको सजाय दिने आधार प्रष्ट नभएको हुँदा सो सम्बन्धमा प्रष्ट रूपमा उल्लेख गर्न आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | | (ङ) दफा २०क. बमोजिम कार्यालय वा फर्म सूचीकृत नगराई कानून व्यवसाय गरेमा,<br>(च) दफा ११क. बमोजिम एकपटक सचेत गराइएको कानून व्यवसायीले पुनः सो दफा बमोजिमको कार्य गरेमा।<br>११ग. <u>प्रमाणपत्र निलम्बन गर्ने:</u> अनुशासन समितिले देहायको कुनै अवस्थामा कानून व्यवसायीलाई बढीमा छ महिनासम्म कानून व्यवसाय गर्न नपाउने गरी प्रमाणपत्र निलम्बन गर्न सक्नेछः-<br>(क) पक्षको हित प्रतिकूल हुने कुनै काम गरेमा,<br>(ख) एक पक्षको कानून व्यवसायी भइसकेको व्यक्तिले सोही विषयमा अर्को पक्षलाई कानूनी राय परामर्श दिएमा,<br>(ग) मुद्दालाई प्रभाव पार्ने गरी न्यायाधीशसँग सम्पर्क वा भेटघाट गरेमा,<br>(घ) मुद्दा प्राप्त गर्न दलाल नियुक्त गरेमा,<br>(ङ) दफा २२ को उपदफा (४) को विपरीत हुने गरी कुनै कार्य गरेमा,<br>(च) दफा ११ख. बमोजिम एकपटक नसिहत दिइएको कानून व्यवसायीले पुनः सो दफा बमोजिमको कार्य गरेमा।<br>११घ. <u>प्रमाणपत्र रद्द गर्न सिफारिस गर्ने:</u> अनुशासन समितिले देहायको कुनै अवस्थामा कानून व्यवसायीको प्रमाणपत्र रद्द गर्न परिषद्समक्ष सिफारिस गर्न सक्नेछः- | • हाल अनुशासन समितिले कानून व्यवसायीको प्रमाणपत्र निलम्बन गर्ने व्यवस्था रहेको भए तापनि कानून व्यवसायीको प्रमाणपत्र निलम्बन गर्ने आधार प्रष्ट नभएकोले सो सम्बन्धमा प्रष्ट रूपमा उल्लेख गर्न आवश्यक भएकोले।<br>• मौजुदा कानूनी व्यवस्था बमोजिम अनुशासन समितिले समेत प्रमाणपत्र रद्द गर्ने व्यवस्था रहेकोमा त्यस्तो व्यवस्था परिवर्तन गरी अनुशासन समितिले कानून |

| | | | | |
|---|---|---|---|---|
| | | | (क) पक्षले जुन प्रयोजनको लागि लिफा दिएको हो सो विपरीत हुने गरी त्यसको दुरूपयोग गरेमा,<br>(ख) पक्षले दिएको सद्दे लिखत त्यस्तो मुद्दाको विपक्षी वा निजको कानून व्यवसायीसँग मिलेर प्रमाण नलाग्ने बनाएमा,<br>(ग) पक्षले दिएको प्रमाण विपक्षीको फाइदाको लागि प्रयोग गरेमा,<br>(घ) बदनियत राखी पक्षलाई गलत राय वा परामर्श दिएको देखिएमा,<br>(ङ) एकपटक प्रमाणपत्र निलम्बन भएको कानून व्यवसायीले पुनः दफा ११ग. बमोजिमको कुनै कार्य गरेमा।" | व्यवसायीको प्रमाणपत्र रद्द गर्नको लागि परिषद् समक्ष सिफारिस गर्ने व्यवस्था मिलाइएकोले त्यस्तो सिफारिस गर्नको लागि आधार प्रष्ट रूपमा उल्लेख गर्न आवश्यक भएकोले। |
| ८. | ९ | १२. समितिहरुः (१) परिषद्ले आफ्नो कार्य सञ्चालनका निमित्त अनुशासन समिति र परीक्षा समितिको अतिरिक्त आवश्यकता अनुसार अन्य समितिहरु गठन गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम गठित समितिको कार्याविधि, काम, कर्तव्य र अधिकार परिषद्ले तोकिदिए बमोजिम हुनेछ। | ९. मूल ऐनको दफा १२ मा संशोधनः मूल ऐनको दफा १२ को उपदफा (१) मा रहेका "र परीक्षा समितिको" भन्ने शब्दहरूको सट्टा ", कार्य सम्पादन समिति, परीक्षा समिति, प्रकाशन समिति, पुरस्कार समिति र अन्तर्राष्ट्रिय सम्बन्ध समितिको" भन्ने शब्दहरू राखिएका छन्। | नेपाल कानून व्यवसायी परिषद्ले आफ्नो काम कारबाहीलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न कार्य सम्पादन समिति, परीक्षा समिति, प्रकाशन समिति, पुरस्कार समिति र अन्तर्राष्ट्रिय सम्बन्ध समिति समेत गठन गर्न सक्ने व्यवस्था गर्न आवश्यक भएकोले। |
| ९. | १० | १५. कानून व्यवसायी परीक्षाः (१) वर्षको कम्तीमा एक पटक | १०. मूल ऐनको दफा १५ मा संशोधनः मूल ऐनको दफा १५ को उपदफा (२) मा रहेका "कानून | दफा १२ मा परिषद्ले गठन गर्ने समितिमा परीक्षा समिति उल्लेख गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | परिषद्ले कानून व्यवसायी परीक्षा सञ्चालन गर्नेछ। यस्तो परीक्षा लिखित र मौखिक रुपमा लिईनेछ र मौखिक परीक्षाको अङ्कभार पूर्णाङ्कको दश प्रतिशत भन्दा बढी हुने छैन।<br>(२) उपदफा (१) को प्रयोजनको लागि परिषद्ले सम्बन्धित विशेषज्ञहरु समावेश भएको कानून व्यवसायी परीक्षा समिति गठन गर्नेछ। समितिका सदस्यहरु मध्ये कुनै एकजनालाई परिषद्ले अध्यक्ष तोक्नेछ। | व्यवसायी" भन्ने शब्दहरू झिकिएका छन्। | प्रस्ताव गरिएकोमा भाषागत रूपमा एकरूपता कायम गर्न आवश्यक भएकोले। |
| १०. | ११ | नयाँ व्यवस्था थप | ११. मूल ऐनमा दफा १८क. थपः मूल ऐनको दफा १८ पछि देहायको दफा १८क. थपिएको -<br>"१८क. जानकारी दिनु पर्नेः (१) यस ऐन बमोजिम कानून व्यवसायीको परीक्षामा सहभागी हुन चाहने कुनै व्यक्ति सरकारी सेवामा कार्यरत रहेको भएमा निजले सोको जानकारी परीक्षामा सामेल हुनु अगावै परिषद्लाई दिनु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिमको कुनै व्यक्ति कानून व्यवसायीको परीक्षामा सहभागी भई त्यस्तो परीक्षा उत्तीर्ण भएमा परिषद्ले निजको नाममा प्रमाणपत्र जारी गरी | कुनै व्यक्ति सरकारी सेवामा कार्यरत रहेको भएमा निज त्यस्तो सेवाबाट अलग भए पछि मात्र कानून व्यवसायीको प्रमाणपत्र प्राप्त गर्न सक्ने व्यवस्था गर्न आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | | त्यस्तो प्रमाणपत्र परिषद्मा सुरक्षित राख्नु पर्नेछ।<br>(३) उपदफा (१) बमोजिमको व्यक्तिले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम सेवाबाट अलग भएको प्रमाण सहित परिषद्लाई जानकारी दिएमा यस ऐनमा उल्लिखित अन्य व्यवस्थाको अधीनमा रही परिषद्ले निजलाई प्रमाणपत्र दिनु पर्नेछ।” | |
| ११. | **१२** | १९.<u>प्रमाणपत्र रद्द हुनेः</u> कुनै कानून व्यवसायी कानून व्यवसायको प्रमाणपत्र प्राप्त गर्नु भन्दा पहिलेनैकानून व्यवसायी हुन अयोग्य भएको तथ्य पछिबाट प्रमाणित हुन आएमा त्यस्तो कानून व्यवसायीको प्रमाणपत्र परिषद्ले रद्द गर्न सक्नेछ। | १२. <u>मूल ऐनको दफा १९ मा संशोधनः</u> मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः-<br>“१९. <u>प्रमाणपत्र रद्द गर्नेः</u> परिषद्ले देहायको कुनै अवस्थामा कानून व्यवसायीको प्रमाणपत्र रद्द गर्नेछः-<br>(क) कानून व्यवसायीको प्रमाणपत्र प्राप्त गर्नु अघि नै कानून व्यवसायी हुन अयोग्य भएको वा कानून व्यवसायीको लागि तोकिएको योग्यता नपुगी कानून व्यवसायीको प्रमाणपत्र प्राप्त गरेको प्रमाणित हुन आएमा,<br>(ख) कानून व्यवसायीको प्रमाणपत्र प्राप्त व्यक्ति भविष्यमा कुनै सरकारी सेवा वा सार्वजनिक सेवाको लागि अयोग्य ठहरिने गरी त्यस्तो सेवाबाट बर्खास्त भएमा, | नेपाल कानून व्यवसायी परिषद्ले कानून व्यवसायीको प्रमाणपत्र रद्द गर्ने गरी भएको दफा १९ को मौजुदा व्यवस्थामा परिमार्जन गरी नेपाल कानून व्यवसायी परिषद्ले प्रमाणपत्र रद्द गर्न सक्ने आधारहरूलाई स्पष्ट रूपमा उल्लेख गर्न आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | | (ग) कानून व्यवसायीले भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, पुरातात्विक महत्त्वका वस्तुहरूको अवैध कारोबार, संरक्षित वन्यजन्तु सम्बन्धी कसूर, सङ्गठित अपराध वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएमा,<br>(घ) दफा १८क. बमोजिम जानकारी नदिई प्रमाणपत्र प्राप्त गरेमा,<br>(ङ) दफा ११घ. बमोजिम अनुशासन समितिबाट प्रमाणपत्र रद्दको लागि सिफारिस प्राप्त भएमा।" | |
| १२. | **१३** | २०. कानून व्यवसायीको लगत राख्नेः (१) परिषद्ले कानून व्यवसायीको प्रमाणपत्र पाएका व्यक्तिहरुको लगत राख्नेछ।<br>(२) उपदफा (१) अनुसारको लगतलाई परिषद्ले अद्यावधिक गरी राख्नेछ।<br>(३) कुनै कानून व्यवसायीको मृत्यु भएमा वा कुनै कानून | १३. मूल ऐनको दफा २० मा संशोधनः मूल ऐनको दफा २० को,-<br>(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-<br>"(२) परिषद्ले उपदफा (१) बमोजिमको लगत प्रत्येक तीन वर्षमा अद्यावधिक गर्नु पर्नेछ।<br>(२) उपदफा (२) पछि देहायका उपदफा (२क) र (२ख) थपिएका छन्:-<br>"(२क) उपदफा (२) बमोजिम लगत | • नेपाल कानून व्यवसायी परिषद्ले राख्ने कानून व्यवसायीको लगतलाई व्यवस्थित बनाउन प्रत्येक तीन वर्षमा लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था आवश्यक भएकोले।<br>• परिषद्ले कानून व्यवसायीको लगत अद्यावधिक गर्नको लागि परिषद्द्वारा सञ्चालित तालीम लिएको भए सोको |

| | | | | |
|---|---|---|---|---|
| | | व्यवसायीले लगत किताबबाट आफ्नो नाम हटाई पाउँभनी निवेदन दिएमा वा कुनै कानून व्यवसायी अनुशासन सम्बन्धी कारबाहीमा परी प्रमाणपत्र रद्द हुने निर्णय भएमा त्यस्तो कानून व्यवसायीको नाम लगत किताबबाट हटाइनेछ र यसको जानकारी सर्वोच्च अदालतलाई दिइनेछ।<br><br>(४) कुनै कानून व्यवसायी अनुशासनको कारबाहीमा परी निजको प्रमाणपत्र निलम्बन गर्ने गरी परिषद्ले निर्णय गरेमा सो व्यहोरा लगत किताबमा जनाउनु पर्नेछ। | अद्यावधिक गर्ने प्रयोजनको लागि कानून व्यवसायीले परिषद्लाई देहायका कागजात र विवरण उपलब्ध गराउनु पर्नेछः-<br>(क) परिषद्द्वारा सञ्चालित तालीम लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि,<br>(ख) स्थायी लेखा नम्बरको प्रतिलिपि,<br>(ग) परिषद्ले तोकेका अन्य कागजात र विवरण।<br><br>(२ख) कुनै कानून व्यवसायीले उपदफा (२) बमोजिमको अवधिमा लगत अद्यावधिक गराउन नसकेको कारण खुलाई सो अवधि पछि लगत अद्यावधिक गर्ने निवेदन दिएमा परिषद्ले तोकेको शुल्क लिई लगत अद्यावधिक गर्न सक्नेछ।” | स्थायी लेखा नम्बरको प्रतिलिपि, त्यस्तो तालीमको प्रमाणपत्रको प्रतिलिपि तथा परिषद्ले तोकेका अन्य विवरण परिषद्लाई उपलब्ध गराउनु पर्ने व्यवस्था गर्न आवश्यक भएकोले।<br><br>• कुनै कारणबस कानूनी व्यवसायीले परिषद्मा आफ्नो विवरण तोकिएको अवधिमा अद्यावधिक गराउन नसकेमा निजले दिएको निवेदनको आधारमा परिषद्ले तोकेको शुल्क लिई निजको विवरण अद्यावधिक गर्न सक्ने व्यवस्था गर्न आवश्यक भएकोले। |
| १३. | १४ | नयाँ व्यवस्था थप | १४. <u>मूल ऐनमा दफा २०क. थपः</u> मूल ऐनको दफा २० पछि देहायको दफा २०क. थपिएको छः-<br>“२०क. <u>कार्यालय वा फर्म सूचीकृत गराउनु पर्नेः</u> (१) प्रत्येक कानून व्यवसायीले प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो कार्यालय वा फर्म परिषद्मा सूचीकृत तथा अद्यावधिक गराउनु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिमको कार्यालय वा फर्म सूचीकृत तथा अद्यावधिक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।” | कानून व्यवसायीको कार्यालय वा फर्मको तथ्याङ्क एकीन गर्न प्रत्येक कानून व्यवसायीले प्रचलित कानून बमोजिम दर्ता भएका आफ्नो कार्यालय वा फर्म परिषद्बाट नियमित सूचीकृत तथा अद्यावधिक गराउन आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| १४. | **१५** | २१.<u>वरिष्ठ अधिवक्ताको उपाधिः</u> (१) कुनै अधिवक्ताले कम्तीमा पन्ध्र वर्ष सर्वोच्च अदालत वा पुनरावेदन तहको अदालतमा कानून व्यवसाय गरी पेशाको उच्च मर्यादा राखी अदालत र समाजलाई सहयोग गरेको छ भन्ने सर्वोच्च अदालतलाई लागेमा त्यस्तो अधिवक्तालाई सर्वोच्च अदालतले सम्मान स्वरुप वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्न सक्नेछ र त्यस्तो वरिष्ठ अधिवक्ताले तोकिए बमोजिमको आचरण पालन गर्नु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिम सर्वोच्च अदालतले कुनै अधिवक्तालाई वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्दा सम्बन्धित अधिवक्ताको सहमति लिनेछ। | १५. <u>मूल ऐनको दफा २१ मा संशोधनः</u> मूल ऐनको दफा २१ को,-<br>(१) उपदफा (१) मा रहेका "पन्ध्र" भन्ने शब्दको सट्टा "पच्चिस" भन्ने शब्द राखिएको छ।<br>(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-<br>"(३) वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने प्रयोजनको लागि सर्वोच्च अदालतले निर्धारण गरेको मापदण्ड बमोजिम कानून व्यवसायीको सूची परिषद्ले प्रत्येक आर्थिक वर्ष समाप्त हुनु अगावै सर्वोच्च अदालतमा पठाउनु पर्नेछ र सर्वोच्च अदालतले उपाधि दिएको वरिष्ठ अधिवक्ताको विवरणसमेत अद्यावधिक गर्नु पर्नेछ।" | • पन्ध्र वर्ष अधिवक्ताको रूपमा काम गरेको अवस्थामा वरिष्ठ अधिवक्ताको उपाधि दिन सकिने गरी भएको मौजुदा व्यवस्थामा परिमार्जन गरी वरिष्ठ अधिवक्ताको मर्यादा, गरिमा, विश्वसनीयता र प्रतिष्ठालाई कायम राख्न कम्तीमा पच्चिस वर्ष अधिवक्ताको रूपमा काम गरेको हुनुपर्ने व्यवस्था थप गर्न आवश्यक भएकोले।<br>• वरिष्ठ अधिवक्ताको उपाधि दिने व्यवस्थालाई थप व्यवस्थित बनाउन परिषद्ले कानून व्यवसायीको सूची सर्वोच्च अदालत समक्ष पेश गर्ने र सर्वोच्च अदालतले उपाधि दिएको वरिष्ठ अधिवक्ताको विवरण समेत परिषद्ले अद्यावधिक गर्नु पर्ने व्यवस्था गर्न आवश्यक भएकोले। |
| १५. | **१६** | २२.<u>उपस्थित हुने, पैरवी र बहस गर्ने अधिकारः</u> (१) वरिष्ठ अधिवक्ता तथा अधिवक्तालाई सर्वोच्च अदालत | १६. <u>मूल ऐनको दफा २२ मा संशोधनः</u> मूल ऐनको दफा २२ को उपदफा (२) पछि देहायका उपदफा (३), (४) र (५) थपिएका छन्:- | • नवप्रवेशी कानून व्यवसायीहरूलाई अनुभवी वरिष्ठ अधिवक्ताको अनुभव र ज्ञान सीपबाट प्रशिक्षित गर्ने व्यवस्था गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | लगायत नेपालका जुनसुकै अड्डा, अदालत वा अधिकारीका समक्ष आफ्नो पक्षका तर्फबाट उपस्थित हुने, पैरवी गर्ने र बहस गर्ने अधिकार हुनेछ।<br><br>(२) अभिवक्तालाई सर्वोच्च अदालत बाहेक नेपालका अन्य अड्डा अदालत वा अधिकारीका समक्ष आफ्नो पक्षका तर्फबाट उपस्थित हुने, पैरवी गर्ने र बहस गर्ने अधिकार हुनेछ। | "(३) एउटै मुद्दामा एकै पक्षबाट एक भन्दा बढी वरिष्ठ अधिवक्ता उपस्थित भएको अवस्थामा बाहेक वरिष्ठ अधिवक्ताले अदालतसमक्ष बहस गर्दा कम्तीमा एक जना अधिवक्ता साथमा लिई उपस्थित हुनु पर्नेछ।<br>(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वरिष्ठ अधिवक्ता वा अधिवक्ताले आफूले कार्य गरेको वा कानूनी सल्लाहकार भएको संस्थाबाट अलग भएको मितिले एक वर्षसम्म सो संस्थाको विरुद्धमा कुनै पनि अड्डा, अदालत वा अधिकारीका समक्ष उपस्थित हुन, मुद्दा दायर गर्न, पैरवी गर्न र बहस गर्न सक्ने छैन।<br>(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी सेवा, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका संस्थाको सेवाबाट अवकाश पाएको वा अलग भएको कानून व्यवसायीले अवकाश पाएको वा अलग भएको मितिले एक वर्षसम्म आफ्नो मुद्दामा बाहेक त्यस्तो सरकारी कार्यालय वा संस्थाको विरुद्धमा कुनै पनि अड्डा, अदालत वा अधिकारीका समक्ष उपस्थित हुन, मुद्दा दायर गर्न, पैरवी गर्न र बहस गर्न सक्ने छैन।" | वरिष्ठ अधिवक्ताले अदालत समक्ष बहस गर्दा कम्तीमा एकजना अधिवक्ता साथमा लिई उपस्थित हुनुपर्ने व्यवस्था गर्न आवश्यक भएकोले।<br><br>• कुनै वरिष्ठ अधिवक्ता वा अधिवक्ताले आफूले कार्य गरेको वा कानूनी सल्लाहकार भएको संस्थाबाट अलग भएको मितिले एक वर्षसम्म र सरकारी सेवा, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका संस्थाको सेवाबाट अवकाश पाएको वा अलग भएको कानून व्यवसायीले अवकाश पाएको वा अलग भएको मितिले एक वर्षसम्म आफ्नो मुद्दामा बाहेक त्यस्तो सरकारी कार्यालय वा संस्थाको विरूद्धमा कुनै पनि अड्डा, अदालत वा अधिकारीका समक्ष उपस्थित हुन, मुद्दा दायर गर्न, पैरवी गर्न र बहस गर्न नसक्ने व्यवस्था गर्न आवश्यक भएकोले। |
| १६. | १७ | २४. कानून व्यवसायीको विशेष सुविधाः<br>(१) कुनै कानून व्यवसायीले कुनै मुद्दामा कुनै पक्षको तर्फबाट उपस्थित हुन, पैरवी गर्न तथा बहस | १७. मूल ऐनको दफा २४ मा संशोधनः मूल ऐनको दफा २४ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-<br>"(३) कुनै कानून व्यवसायीले पैरवी र बहस | कानून व्यवसायीले गरेको पैरवी र बहसको आधारमा निज उपर कुनै मुद्दा चलाउन नसकिने व्यवस्था गरी कानून व्यवसायीको पेशाको सुरक्षा गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | गर्न जाँदा बाटोमा निजलाई कुनै देवानी मुद्दाको बिगो वा सजायको सम्बन्धमा पक्राउ गरिने छैन।<br><br>(२) कुनै कानून व्यवसायीले बहसको सिलसिलामा बोलेको कुनै कुरालाई लिएर निज उपर कुनै प्रकारको गाली बेईज्जती मुद्दा चलाउन सकिने छैन। | गरेको आधारमा निज उपर कुनै मुद्दा चलाउन सकिने छैन।" | आवश्यक भएकोले। |
| १७. | १८ | नयाँ व्यवस्था थप | १८. मूल ऐनमा दफा २४क. थपः मूल ऐनको दफा २४ पछि देहायको दफा २४क. थपिएको छः-<br>"२४क. कानून व्यवसायीलाई डर, त्रास, धम्की दिन नहुनेः (१) कसैले अड्डा अदालत वा अधिकारीसमक्ष आफ्नो पक्षको तर्फबाट उपस्थित हुने वा भएको वा बहस पैरवी गर्ने वा गरेको आधारमा कानून व्यवसायीलाई कुनै धाक, धम्की दिने, डर, त्रास उत्पन्न गर्ने, गराउने, शारीरिक आक्रमण गर्ने वा मानसिक यातना दिने कार्य गर्नु गराउनु हुँदैन।<br><br>(२) उपदफा (१) विपरीत कसैले कुनै काम गरेमा एक लाख रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुबै सजाय हुन सक्नेछ।<br><br>(३) उपदफा (१) मा उल्लिखित कुनै कार्यलाई प्रचलित कानूनले कसूर | स्वतन्त्र न्यायपालिकाको अभिन्न अङ्गको रूपमा रहने कानून व्यवसायीले स्वतन्त्र र निष्पक्ष रूपमा मुद्दाको पक्षको हकहितको रक्षाको लागि काम गर्न सक्ने वातावरण निर्माण गर्नको लागि कानून व्यवसायी उपर कुनै धाक, धम्की दिने, डर, त्रास उत्पन्न गर्ने, गराउने, शारीरिक आक्रमण गर्ने वा मानसिक यातना दिने कार्यलाई कसूर कायम गरी सजायको व्यवस्था गर्न आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | | कायम गरी सजायको व्यवस्था गरेकोमा सो बमोजिम सजाय गर्न उपदफा (२) को व्यवस्थाले कुनै बाधा पुऱ्याएको मानिने छैन।” | |
| १८. | १९ | नयाँ व्यवस्था थप | १९. मूल ऐनमा परिच्छेद-५क. र ५ख.थपः मूल ऐनको परिच्छेद-५ पछि देहायका परिच्छेद-५क. र ५ख. थपिएका छन्:-<br>“परिच्छेद-५क.<br>शैक्षिक संस्थाको मापदण्ड र मान्यता<br>२५क. शैक्षिक संस्थाको मापदण्ड निर्धारण गर्नेः (१) परिषद्ले शैक्षिक संस्थाको पाठ्यक्रमका सम्बन्धमा आवश्यक मापदण्ड निर्धारण गर्नेछ।<br>(२) उपदफा (१) बमोजिम मापदण्ड निर्धारण गर्दा परिषद्ले सम्बन्धित विश्वविद्यालयको समन्वयमा शैक्षिक अवधि, व्यावहारिक शिक्षा र कानूनी शिक्षामा प्रवेश पाउनको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता लगायतका आधारमा गर्नु पर्नेछ।<br>(३) उपदफा (१) बमोजिम परिषद्ले निर्धारण गरेको मापदण्ड शैक्षिक संस्थाले पालना गर्नु पर्नेछ।<br>२५ख. अनुगमन गर्न सक्नेः (१) दफा २५क. बमोजिम निर्धारित मापदण्ड पालना गरे नगरेको सम्बन्धमा परिषद्ले शैक्षिक संस्थाको अनुगमन गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा | • कानूनी शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाको गुणस्तर अभिवृद्धि गर्नको लागि त्यस्ता शैक्षिक संस्थाको पाठ्यक्रमका सम्बन्धमा मापदण्ड निर्धारण गर्ने व्यवस्था मिलाउन आवश्यक भएकोले।<br>• दफा २५क. बमोजिम परिषद्ले निर्धारण गरेको मापदण्ड पालना गरे नगरेको सम्बन्धमा परिषद्ले शैक्षिक संस्थाको अनुगमन गर्न सक्ने र त्यस्तो अनुगमनको |

| | | | | |
|---|---|---|---|---|
| | | | कुनै शैक्षिक संस्थाले परिषद्ले निर्धारण गरेको मापदण्ड पालना गरेको नदेखिएमा त्यस्तो शैक्षिक संस्थालाई मापदण्ड पालना गर्न आवश्यक सुझावसहित लेखी पठाउन सक्नेछ।<br>(३) उपदफा (२) बमोजिम परिषद्ले निर्धारण गरेको मापदण्ड पालना गर्नको लागि सुझाव प्राप्त भएमा त्यस्तो मापदण्ड पालना गर्नु सम्बन्धित शैक्षिक संस्थाको कर्तव्य हुनेछ।<br>२५ग. <u>अध्ययन अध्यापनको कार्यलाई मान्यता नदिइने</u>: (१) दफा २५ख. को उपदफा (२) बमोजिम दिएका सुझावहरू कार्यान्वयन नगरेसम्म परिषद्ले त्यस्तो शैक्षिक संस्थाको अध्ययन अध्यापनको कार्यलाई मान्यता नदिन सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम शैक्षिक संस्थाको अध्ययन अध्यापन गर्ने कार्यलाई मान्यता नदिने गरी परिषद्ले निर्णय गरेमा सोको जानकारी शैक्षिक संस्था र त्यस्तो शैक्षिक संस्था सञ्चालनको अनुमति दिने निकायलाई दिनु पर्नेछ र त्यसको सूचना सार्वजनिक सञ्चार माध्यमबाट समेत प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ। | क्रममा मापदण्ड पालना गरेको नदेखिएमा मापदण्ड पालना गराउने व्यवस्था गर्न आवश्यक भएकोले।<br>• दफा २५ख. को उपदफा (२) बमोजिम दिएका सुझाव कार्यान्वयन नगरेमा त्यस्तो सुझाव कार्यान्वयन नगर्ने शैक्षिक संस्थाको अध्ययन अध्यापनको कार्यलाई मान्यता नदिई कानून विषयको अध्ययन अध्यापनमा गुणस्तर कायम राख्न बाध्यात्मक व्यवस्था गर्न आवश्यक भएको। |
| | | नयाँ व्यवस्था थप | परिच्छेद-५ख.<br><u>कानून व्यवसायी प्रतिष्ठान</u><br>२५घ. <u>कानून व्यवसायी प्रतिष्ठान</u>: (१) कानून व्यवसायीलाई निरन्तर तालीम तथा प्रशिक्षण प्रदान | कानून व्यवसायीको व्यावसायिक दक्षता अभिवृद्धि गर्न तथा कानून व्यवसायलाई |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्न नेपाल सरकारलाई आर्थिक व्ययभार नपर्ने गरी परिषद् अन्तर्गत एक कानून व्यवसायी प्रतिष्ठान (लयर्स एकेडेमी) रहनेछ।<br>(२) प्रतिष्ठानको तर्फबाट गर्नु पर्ने कामको लागि परिषद्ले देहाय बमोजिमको सञ्चालक समिति गठन गर्नेछः-<br>(क) परिषद्को उपाध्यक्ष -संयोजक<br>(ख) बागमती प्रदेशबाट निर्वाचित पार्षद् -उपसंयोजक<br>(ग) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य<br>(घ) सहरजिष्ट्रार, सर्वोच्च अदालत -सदस्य<br>(ङ) सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय -सदस्य<br>(च) कानून विषय अध्ययन अध्यापन गराउने विश्वविद्यालयका कानून संकायका सहप्राध्यापकहरूमध्येबाट परिषद्ले तोकेको कम्तीमा एकजना महिला सहित दुई जना -सदस्य<br>(छ) अधिवक्तामध्येबाट परिषद्ले तोकेको कम्तीमा दुईजना महिला सहित तीनजना -सदस्य<br>(ज) नेपाल बार एशोसिएशनको महासचिव -सदस्य।<br>(३) परिषद्को सचिवले सञ्चालक समितिको सचिवको रुपमा काम गर्नेछ र निजले संयोजकको निर्देशनमा सो समितिको बैठक बोलाउनेछ। | प्रभावकारी बनाउनका लागि विभिन्न किसिमका तालीम, गोष्ठी, सेमिनार, अन्तरक्रिया, अध्ययन, अनुसन्धान र प्रकाशन तथा अन्य कार्यक्रम सञ्चालन गर्ने एवं परिषद्को स्वीकृतिमा विदेशी मुलुकका यस्तै प्रकृतिका प्रतिष्ठानसँग अनुभव तथा फेलोसिप आदान प्रदान गर्ने कार्य गर्नको लागि परिषद् अन्तर्गत कानून व्यवसायी प्रतिष्ठान रहने व्यवस्था गर्न आवश्यक भएकोले। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | (४) सञ्चालक समितिको संयोजक र उपदफा (२) को खण्ड (च) र (छ) बमोजिमका सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ।<br>(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (च) र (छ) बमोजिमका सदस्यले पदीय जिम्मेवारी पूरा नगरेमा वा प्रतिष्ठानको हित विपरीत कुनै काम गरेमा परिषद्‌ले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।<br>(६) उपदफा (५) बमोजिमका सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।<br>(७) सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सञ्चालक समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।<br>२५ङ. <u>प्रतिष्ठानको कामः</u> प्रतिष्ठानको काम देहाय बमोजिम हुनेछः-<br>(क) निरन्तर कानून व्यवसायी तालीम तथा प्रशिक्षण सञ्चालन गर्ने,<br>(ख) कानून व्यवसायीको व्यावसायिक दक्षता, कार्य क्षमता र प्राज्ञिक उन्नयनको अभिवृद्धि गरी कानून व्यवसायीलाई सक्षम र प्रतिस्पर्धी बनाउन तथा कानून व्यवसायलाई प्रभावकारी, गुणस्तरीय, सेवामूलक र जवाफदेही बनाउनका लागि विभिन्न किसिमका तालीम, गोष्ठी, सेमिनार, अन्तरक्रिया, अध्ययन, अनुसन्धान र | |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रकाशन तथा अन्य कार्यक्रम सञ्चालन गर्ने,<br>(ग) परिषद्को स्वीकृतिमा विदेशी मुलुकका यस्तै प्रकृतिका प्रतिष्ठानसँग अनुभव तथा फेलोसिप आदान प्रदान गर्ने,<br>(घ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।<br>२५च. अध्यक्ष संरक्षक रहने: (१) अध्यक्ष प्रतिष्ठानको संरक्षक हुनेछ।<br>(२) प्रतिष्ठानको संरक्षकले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ।" | • कानून व्यवसायी परिषद्को अध्यक्ष कानून व्यवसायी प्रतिष्ठानको अध्यक्ष हुने तथा कानून व्यवसायी प्रतिष्ठानको कामकारबाहीलाई प्रभावकारी बनाउन कानून व्यवसायी परिषद्को अध्यक्षले निर्देशन दिन सक्ने व्यवस्था गर्न आवश्यक भएकोले। |
| १९. | २० | नयाँ व्यवस्था थप | २०.मूल ऐनमा दफा २६क., २६ख. र २६ग. थपः मूल ऐनको दफा २६ पछि देहायका दफा २६क.,२६ख. र २६ग. थपिएका छन्: -<br>"२६क. कानून व्यवसायीको पोशाक: कानून व्यवसायीले अड्डा अदालतमा उपस्थित भई वा श्रव्यदृष्य संवाद (भिडियो कन्फरेन्स) मार्फत पैरवी र बहस गर्दा परिषद्ले निर्धारण गरे बमोजिमको पोशाक लगाउनु पर्नेछ।<br>२६ख. विद्युतीय वा बैंकिङ्ग माध्यमबाट कारोबार गर्नुपर्ने: (१) कानून व्यवसायीले पक्षसँग सेवा शुल्क लिँदा विद्युतीय वा बैंकिङ्ग माध्यमको प्रयोग गर्नु पर्नेछ। | • कानून व्यवसायलाई थप मर्यादित र अनुशासित बनाउनको लागि कानून व्यवसायीले अड्डा अदालतमा बहस पैरवी गर्दा परिषद्ले निर्धारण गरेबमोजिमको पोशाक लगाउनु पर्ने व्यवस्था गर्न आवश्यक भएकोले।<br>• कानून व्यवसायीले पक्षसँग लिने सेवा शुल्कलाई पारदर्शी बनाउनको लागि कानून व्यवसायीले सेवा शुल्क लिँदा |

| | | | | |
|---|---|---|---|---|
| | | | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्ले निर्धारण गरेको रकमसम्म कानून व्यवसायीले सेवा शुल्कबापत पक्षबाट नगद लिन सक्नेछ।<br>(३) उपदफा (२) बमोजिम पक्षबाट सेवा शुल्कबापत लिएको रकमको रसिद दिनु पर्नेछ।<br>२६ग. <u>नेपाल सरकार वादी हुने:</u> ऐनको दफा २४क. र २५ बमोजिमको कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी भई दायर गरिनेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।" | विद्युतीय वा बैंकिङ्ग माध्यमको प्रयोग गरी कानून व्यवसायीले लिने सेवा शुल्कलाई पारदर्शी बनाउन आवश्यक भएकोले।<br>• कसैले कानून व्यवसायको सिलसिलामा कानून व्यवसायी उपर कुनै धाक, धम्की दिने, डर, त्रास उत्पन्न गर्ने, गराउने, शारीरिक आक्रमण गर्ने वा मानसिक यातना दिने कार्य र ऐनको दफा २५ मा रहेको अनधिकृत व्यक्तिले कानून व्यवसाय गरेमा त्यसलाई कसुर कायम गरी त्यस्तो मुद्दा नेपाल सरकार वादी भई दायर गरिने व्यवस्था गर्न आवश्यक भएकोले। |
| २०. | २१ | नयाँ व्यवस्था थप | २१.<u>मुल ऐनमा दफा २७क. थप:</u> मूल ऐनको दफा २७ पछि देहायको दफा २७क. थपिएको छः-<br>"२७क. <u>विनियम बनाउने अधिकार:</u> परिषदले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक विनियम बनाई लागू गर्न सक्नेछ।" | • परिषद्ले कर्मचारी प्रशासन तथा कर्मचारीको सेवाका शर्त र सुविधा सम्बन्धी विषय तथा आर्थिक प्रशासनसँग सम्बन्धित विषयमा विनियम बनाउन सक्ने व्यवस्था गर्न आवश्यक भएकोले। |

# <u>नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० लाई संशोधन गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना</u>: नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस ऐनको नाम "नेपाल कानून व्यवसायी परिषद् (दोस्रो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २ मा संशोधन</u>: नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ङ) पछि देहायका खण्ड (ङ१) र (ङ२) थपिएका छन्:-

"(ङ१) "शैक्षिक संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई कानून विषयमा स्नातक वा सो सरहको उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालय, आङ्गिक क्याम्पस वा कलेज सम्झनु पर्छ।

(ङ२) "प्रतिष्ठान" भन्नाले दफा २५घ. बमोजिमको कानून व्यवसायी प्रतिष्ठान (लयर्स एकेडेमी) सम्झनु पर्छ।"

३. <u>मूल ऐनको दफा ३ मा संशोधन</u>: मूल ऐनको दफा ३ को उपदफा (६) को अन्त्यमा "र परिषद्ले आवश्यकता अनुसार प्रदेशमा कार्यालय स्थापना गर्न सक्नेछ" भन्ने शब्दहरू थपिएका छन्।

४. <u>मूल ऐनको दफा ४ मा संशोधन</u>: मूल ऐनको दफा ४ को उपदफा (१) को,-

(१) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,"

(२) खण्ड (च) मा रहेको "दुईजना" भन्ने शब्दको सट्टा "कम्तीमा एकजना महिला सहित तीनजना" भन्ने शब्दहरु राखिएका छन्।

५. <u>मूल ऐनको दफा ८ मा संशोधन</u>: मूल ऐनको दफा ८ को उपदफा (१) को,-

(१) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-

"(ग१) प्रचलित कानून बमोजिम दर्ता भएका कानून व्यवसायीको कार्यालय वा फर्म सूचीकृत तथा अद्यावधिक गर्ने।"

(२) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः -

"(झ) कानूनी शिक्षालाई स्तरीय र व्यावसायिक बनाउन शैक्षिक संस्थासँगको परामर्शमा उपयुक्त मापदण्ड निर्धारण गर्ने।"

(३) खण्ड (ट) मा रहेका "गरिमामय बनाउन आवश्यक प्रशिक्षण" भन्ने शब्दहरुको सट्टा "व्यावसायिक तथा मर्यादित बनाउन आवश्यक अध्ययन, अनुसन्धान, प्रशिक्षण" भन्ने शब्दहरु राखिएका छन्।

(४) खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छः-

"(ट१) निरन्तर कानूनी शिक्षाको प्रबन्ध गर्ने र सोको लागि आवश्यक पाठ्यक्रम, पाठ्यसामग्री, अनुसन्धान र प्रशिक्षणको व्यवस्था गर्ने।"

(५) खण्ड (ठ) पछि देहायको खण्ड (ठ१) थपिएको छः-

"(ठ१) स्वेच्छिक निःशुल्क कानूनी सेवा (प्रो वोनो) उपलब्ध गराउने कानून व्यवसायीको अभिलेख राख्ने।"

६. <u>मूल ऐनको दफा १० मा संशोधनः</u> मूल ऐनको दफा १० को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (१) बमोजिमको कोषमा रहेको रकम देहाय बमोजिम खर्च गर्न सकिनेछः-

(क) कानून व्यवसायीको हक हित संरक्षण सम्बन्धी कार्यमा,

(ख) कानून व्यवसायीको क्षमता विकास सम्बन्धी कार्यमा,

(ग) प्रतिष्ठानको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यमा,

(घ) परिषद्बाट हुने प्रशासनिक कार्यमा, र

(ङ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम परिषद्ले सम्पादन गर्ने अन्य कार्यमा।"

७. <u>मूल ऐनको दफा ११ मा संशोधनः</u> मूल ऐनको दफा ११ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (१) बमोजिम अनुशासन समितिले छानबिनबाट दोषी देखिएको कानून व्यवसायीलाई देहाय बमोजिमको कारबाही गर्न सक्नेछः-

(क) सचेत गराउने,

(ख) नसिहत दिने,

(ग) प्रमाणपत्र निलम्बन गर्ने, वा

(घ) कानून व्यवसायीको प्रमाणपत्र रद्द गर्न परिषद्समक्ष सिफारिस गर्ने।"

(२) उपदफा (५) मा रहेका "सर्वोच्च अदालतमा" भन्ने शब्दहरूको सट्टा "परिषद्मा" भन्ने शब्द राखिएको छ।

८. <u>मूल ऐनमा दफा ११क., ११ख., ११ग., र ११घ. थपः</u> मूल ऐनको दफा ११ पछि देहायका दफा ११क., ११ख., ११ग. र ११घ. थपिएका छन्ः-

"११क. <u>सचेत गराउनेः</u> अनुशासन समितिले देहायको कुनै अवस्थामा कानून व्यवसायीलाई सचेत गराउन सक्नेछः-

(क) आफ्नो पेशाको व्यावसायिक प्रचारको उद्देश्यले विज्ञापन गरेमा,

(ख) सञ्चार माध्यमबाट कसैलाई होच्याउने, आक्षेप लगाउने वा बेइज्जती हुने गरी टिप्पणी गरेमा,

(ग) मुद्दाका पक्षबाट प्राप्त तथ्य तथा जानकारीको गोपनीयता नराखेमा,

(घ) पक्षबाट सेवा शुल्क बापत पारिश्रमिक लिई अभिलेख नराखेमा,

(ङ) मिसिलमा नभएको तथ्य बहसमा प्रस्तुत गरेमा,

(च) अड्डा, अदालतमा बहस, पैरवी गर्दा परिषद्ले निर्धारण गरेको पोशाक नलगाएमा,

(छ) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम पालना गर्नु पर्ने आचरण पालना नगरेमा।

११ख. नसिहत दिनेः अनुशासन समितिले देहायको कुनै अवस्थामा कानून व्यवसायीलाई नसिहत दिन सक्नेछः-

(क) मुद्दाको हारजितको आधारमा आफ्नो पारिश्रमिक तय गरेमा,

(ख) अस्तित्वमा नभएको कानून उल्लेख गरी मुद्दा दायर गरेमा वा कानूनी राय दिएमा,

(ग) अन्य कानून व्यवसायीलाई मुद्दा पठाएबापत कमिशन लिएमा,

(घ) दफा २० बमोजिम लगत अद्यावधिक गर्न विवरण उपलब्ध नगराएमा,

(ङ) दफा २०क. बमोजिम कार्यालय वा फर्म सूचीकृत नगराई कानून व्यवसाय गरेमा,

(च) दफा ११क. बमोजिम एकपटक सचेत गराइएको कानून व्यवसायीले पुनः सो दफा बमोजिमको कार्य गरेमा।

११ग. प्रमाणपत्र निलम्बन गर्नेः अनुशासन समितिले देहायको कुनै अवस्थामा कानून व्यवसायीलाई बढीमा छ महिनासम्म कानून व्यवसाय गर्न नपाउने गरी प्रमाणपत्र निलम्बन गर्न सक्नेछः-

(क) पक्षको हित प्रतिकूल हुने कुनै काम गरेमा,

(ख) एक पक्षको कानून व्यवसायी भइसकेको व्यक्तिले सोही विषयमा अर्को पक्षलाई कानूनी राय परामर्श दिएमा,

(ग) मुद्दालाई प्रभाव पार्ने गरी न्यायाधीशसँग सम्पर्क वा भेटघाट गरेमा,

(घ) मुद्दा प्राप्त गर्न दलाल नियुक्त गरेमा,

(ङ) दफा २२ को उपदफा (४) को विपरीत हुने गरी कुनै कार्य गरेमा,

(च) दफा ११ख. बमोजिम एकपटक नसिहत दिइएको कानून व्यवसायीले पुनः सो दफा बमोजिमको कार्य गरेमा।

११घ. प्रमाणपत्र रद्द गर्न सिफारिस गर्नेः अनुशासन समितिले देहायको कुनै अवस्थामा कानून व्यवसायीको प्रमाणपत्र रद्द गर्न परिषद्समक्ष सिफारिस गर्न सक्नेछः-

(क) पक्षले जुन प्रयोजनको लागि लिफा दिएको हो सो विपरीत हुने गरी त्यसको दुरूपयोग गरेमा,

(ख) पक्षले दिएको सद्दे लिखत त्यस्तो मुद्दाको विपक्षी वा निजको कानून व्यवसायीसँग मिलेर प्रमाण नलाग्ने बनाएमा,

(ग) पक्षले दिएको प्रमाण विपक्षीको फाइदाको लागि प्रयोग गरेमा,

(घ) बदनियत राखी पक्षलाई गलत राय वा परामर्श दिएको देखिएमा,

(ङ) एकपटक प्रमाणपत्र निलम्बन भएको कानून व्यवसायीले पुनः दफा ११ग. बमोजिमको कुनै कार्य गरेमा।"

९. मूल ऐनको दफा १२ मा संशोधनः मूल ऐनको दफा १२ को उपदफा (१) मा रहेका "र परीक्षा समितिको" भन्ने शब्दहरूको सट्टा ", कार्य सम्पादन समिति, परीक्षा समिति, प्रकाशन समिति, पुरस्कार समिति र अन्तर्राष्ट्रिय सम्बन्ध समितिको" भन्ने शब्दहरू राखिएका छन्।

१०. मूल ऐनको दफा १५ मा संशोधनः मूल ऐनको दफा १५ को उपदफा (२) मा रहेका "कानून व्यवसायी" भन्ने शब्दहरू झिकिएका छन्।

११. मूल ऐनमा दफा १८क. थपः मूल ऐनको दफा १८ पछि देहायको दफा १८क. थपिएको छः-

"१८क. जानकारी दिनु पर्नेः (१) यस ऐन बमोजिम कानून व्यवसायीको परीक्षामा सहभागी हुन चाहने कुनै व्यक्ति सरकारी सेवामा कार्यरत रहेको भएमा निजले सोको जानकारी परीक्षामा सामेल हुनु अगावै परिषद्लाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कुनै व्यक्ति कानून व्यवसायीको परीक्षामा सहभागी भई त्यस्तो परीक्षा उत्तीर्ण भएमा परिषद्ले निजको नाममा प्रमाणपत्र जारी गरी त्यस्तो प्रमाणपत्र परिषद्मा सुरक्षित राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको व्यक्तिले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम सेवाबाट अलग भएको प्रमाण सहित परिषद्लाई जानकारी दिएमा यस ऐनमा उल्लिखित अन्य व्यवस्थाको अधीनमा रही परिषद्ले निजलाई प्रमाणपत्र दिनु पर्नेछ।"

१२. मूल ऐनको दफा १९ मा संशोधनः मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः-

"१९. प्रमाणपत्र रद्द गर्नेः परिषद्ले देहायको कुनै अवस्थामा कानून व्यवसायीको प्रमाणपत्र रद्द गर्नेछः-

(क) कानून व्यवसायीको प्रमाणपत्र प्राप्त गर्नु अघि नै कानून व्यवसायी हुन अयोग्य भएको वा कानून व्यवसायीको लागि तोकिएको योग्यता नपुगी कानून व्यवसायीको प्रमाणपत्र प्राप्त गरेको प्रमाणित हुन आएमा,

(ख) कानून व्यवसायीको प्रमाणपत्र प्राप्त व्यक्ति भविष्यमा कुनै सरकारी सेवा वा सार्वजनिक सेवाको लागि अयोग्य ठहरिने गरी त्यस्तो सेवाबाट बर्खास्त भएमा,

(ग) कानून व्यवसायीले भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, पुरातात्त्विक महत्त्वका वस्तुहरूको अवैध कारोबार, संरक्षित वन्यजन्तु सम्बन्धी कसूर, सङ्गठित अपराध वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएमा,

(घ) दफा १८क. बमोजिम जानकारी नदिई प्रमाणपत्र प्राप्त गरेमा,

(ङ) दफा ११घ. बमोजिम अनुशासन समितिबाट प्रमाणपत्र रद्दको लागि सिफारिस प्राप्त भएमा।"

१३. मूल ऐनको दफा २० मा संशोधनः मूल ऐनको दफा २० को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) परिषद्ले उपदफा (१) बमोजिमको लगत प्रत्येक तीन वर्षमा अद्यावधिक गर्नु पर्नेछ।

(२) उपदफा (२) पछि देहायका उपदफा (२क) र (२ख) थपिएका छन्:-

"(२क) उपदफा (२) बमोजिम लगत अद्यावधिक गर्ने प्रयोजनको लागि कानून व्यवसायीले परिषद्लाई देहायका कागजात र विवरण उपलब्ध गराउनु पर्नेछः-

(क) परिषद्द्वारा सञ्चालित तालीम लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि,

(ख) स्थायी लेखा नम्बरको प्रतिलिपि,

(ग) परिषद्ले तोकेका अन्य कागजात र विवरण।

(२ख) कुनै कानून व्यवसायीले उपदफा (२) बमोजिमको अवधिमा लगत अद्यावधिक गराउन नसकेको कारण खुलाई सो अवधि पछि लगत अद्यावधिक गर्ने निवेदन दिएमा परिषद्ले तोकेको शुल्क लिई लगत अद्यावधिक गर्न सक्नेछ।"

१४. मूल ऐनमा दफा २०क. थप: मूल ऐनको दफा २० पछि देहायको दफा २०क. थपिएको छः-

"२०क. कार्यालय वा फर्म सूचीकृत गराउनु पर्ने: (१) प्रत्येक कानून व्यवसायीले प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो कार्यालय वा फर्म परिषद्मा सूचीकृत तथा अद्यावधिक गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यालय वा फर्म सूचीकृत तथा अद्यावधिक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

१५. मूल ऐनको दफा २१ मा संशोधन: मूल ऐनको दफा २१ को,-

(१) उपदफा (१) मा रहेका "पन्ध्र" भन्ने शब्दको सट्टा "पच्चिस" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने प्रयोजनको लागि सर्वोच्च अदालतले निर्धारण गरेको मापदण्ड बमोजिम कानून व्यवसायीको सूची परिषद्ले प्रत्येक आर्थिक वर्ष समाप्त हुनु अगावै सर्वोच्च अदालतमा पठाउनु पर्नेछ र सर्वोच्च अदालतले उपाधि दिएको वरिष्ठ अधिवक्ताको विवरणसमेत अद्यावधिक गर्नु पर्नेछ।"

१६. मूल ऐनको दफा २२ मा संशोधन: मूल ऐनको दफा २२ को उपदफा (२) पछि देहायका उपदफा (३), (४) र (५) थपिएका छन्ः-

"(३) एउटै मुद्दामा एकै पक्षबाट एक भन्दा बढी वरिष्ठ अधिवक्ता उपस्थित भएको अवस्थामा बाहेक वरिष्ठ अधिवक्ताले अदालतसमक्ष बहस गर्दा कम्तीमा एक जना अधिवक्ता साथमा लिई उपस्थित हुनु पर्नेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वरिष्ठ अधिवक्ता वा अधिवक्ताले आफूले कार्य गरेको वा कानूनी सल्लाहकार भएको संस्थाबाट अलग भएको मितिले एक वर्षसम्म सो संस्थाको विरुद्धमा कुनै पनि अड्डा, अदालत वा अधिकारीका समक्ष उपस्थित हुन, मुद्दा दायर गर्न, पैरवी गर्न र बहस गर्न सक्ने छैन।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी सेवा, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका संस्थाको सेवाबाट अवकाश पाएको वा अलग भएको कानून व्यवसायीले अवकाश पाएको वा अलग भएको मितिले एक वर्षसम्म आफ्नो मुद्दामा बाहेक त्यस्तो सरकारी कार्यालय वा संस्थाको विरुद्धमा कुनै पनि अड्डा, अदालत वा अधिकारीका समक्ष उपस्थित हुन, मुद्दा दायर गर्न, पैरवी गर्न र बहस गर्न सक्ने छैन।"

१७. मूल ऐनको दफा २४ मा संशोधनः मूल ऐनको दफा २४ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) कुनै कानून व्यवसायीले पैरवी र बहस गरेको आधारमा निज उपर कुनै मुद्दा चलाउन सकिने छैन।"

१८. मूल ऐनमा दफा २४क. थप: मूल ऐनको दफा २४ पछि देहायको दफा २४क. थपिएको छः-

"२४क. कानून व्यवसायीलाई डर, त्रास, धम्की दिन नहुने: (१) कसैले अड्डा अदालत वा अधिकारीसमक्ष आफ्नो पक्षको तर्फबाट उपस्थित हुने वा भएको वा बहस पैरवी गर्ने वा गरेको आधारमा कानून व्यवसायीलाई कुनै धाक, धम्की दिने, डर, त्रास उत्पन्न गर्ने, गराउने, शारीरिक आक्रमण गर्ने वा मानसिक यातना दिने कार्य गर्नु गराउनु हुँदैन।

(२) उपदफा (१) विपरीत कसैले कुनै काम गरेमा एक लाख रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुन सक्नेछ।

(३) उपदफा (१) मा उल्लिखित कुनै कार्यलाई प्रचलित कानूनले कसूर कायम गरी सजायको व्यवस्था गरेकोमा सो बमोजिम सजाय गर्न उपदफा (२) को व्यवस्थाले कुनै बाधा पुऱ्याएको मानिने छैन।"

१९. मूल ऐनमा परिच्छेद-५क. र ५ख. थपः मूल ऐनको परिच्छेद-५ पछि देहायका परिच्छेद-५क. र ५ख. थपिएका छन्:-

"परिच्छेद-५क.

शैक्षिक संस्थाको मापदण्ड र मान्यता

२५क. शैक्षिक संस्थाको मापदण्ड निर्धारण गर्ने: (१) परिषद्ले शैक्षिक संस्थाको पाठ्यक्रमका सम्बन्धमा आवश्यक मापदण्ड निर्धारण गर्नेछ।

(२) उपदफा (१) बमोजिम मापदण्ड निर्धारण गर्दा परिषद्ले सम्बन्धित विश्वविद्यालयको समन्वयमा शैक्षिक अवधि, व्यावहारिक शिक्षा र कानूनी शिक्षामा प्रवेश पाउनको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता लगायतका आधारमा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम परिषद्ले निर्धारण गरेको मापदण्ड शैक्षिक संस्थाले पालना गर्नु पर्नेछ।

२५ख. अनुगमन गर्न सक्नेः (१) दफा २५क. बमोजिम निर्धारित मापदण्ड पालना गरे नगरेको सम्बन्धमा परिषद्ले शैक्षिक संस्थाको अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा कुनै शैक्षिक संस्थाले परिषद्ले निर्धारण गरेको मापदण्ड पालना गरेको नदेखिएमा त्यस्तो शैक्षिक संस्थालाई मापदण्ड पालना गर्न आवश्यक सुझावसहित लेखी पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम परिषद्ले निर्धारण गरेको मापदण्ड पालना गर्नको लागि सुझाव प्राप्त भएमा त्यस्तो मापदण्ड पालना गर्नु सम्बन्धित शैक्षिक संस्थाको कर्तव्य हुनेछ।

२५ग. अध्ययन अध्यापनको कार्यलाई मान्यता नदिइनेः (१) दफा २५ख. को उपदफा (२) बमोजिम दिएका सुझावहरू कार्यान्वयन नगरेसम्म परिषद्ले त्यस्तो शैक्षिक संस्थाको अध्ययन अध्यापनको कार्यलाई मान्यता नदिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम शैक्षिक संस्थाको अध्ययन अध्यापन गर्ने कार्यलाई मान्यता नदिने गरी परिषद्ले निर्णय गरेमा सोको जानकारी शैक्षिक संस्था र त्यस्तो शैक्षिक संस्था सञ्चालनको अनुमति दिने निकायलाई दिनु पर्नेछ र त्यसको सूचना सार्वजनिक सञ्चार माध्यमबाट समेत प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ।

## परिच्छेद-५ख.

## कानून व्यवसायी प्रतिष्ठान

२५घ. कानून व्यवसायी प्रतिष्ठानः (१) कानून व्यवसायीलाई निरन्तर तालीम तथा प्रशिक्षण प्रदान गर्न नेपाल सरकारलाई आर्थिक व्ययभार नपर्ने गरी परिषद् अन्तर्गत एक कानून व्यवसायी प्रतिष्ठान (लयर्स एकेडेमी) रहनेछ।

(२) प्रतिष्ठानको तर्फबाट गर्नु पर्ने कामको लागि परिषद्ले देहाय बमोजिमको सञ्चालक समिति गठन गर्नेछः-

(क) परिषद्को उपाध्यक्ष -संयोजक

(ख) बागमती प्रदेशबाट निर्वाचित पार्षद् -उपसंयोजक

(ग) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(घ) सहरजिष्ट्रार, सर्वोच्च अदालत -सदस्य

(ङ) सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय -सदस्य

(च) कानून विषय अध्ययन अध्यापन गराउने विश्वविद्यालयका कानून संकायका सहप्राध्यापकहरूमध्येबाट परिषद्ले तोकेको कम्तीमा एकजना महिलासहित दुई जना -सदस्य

(छ) अधिवक्तामध्येबाट परिषद्ले तोकेको कम्तीमा दुईजना महिला सहित तीनजना -सदस्य

(ज) नेपाल बार एशोसिएशनको महासचिव -सदस्य।

(३) परिषद्को सचिवले सञ्चालक समितिको सचिवको रुपमा काम गर्नेछ र निजले संयोजकको निर्देशनमा सो समितिको बैठक बोलाउनेछ।

(४) सञ्चालक समितिको संयोजक र उपदफा (२) को खण्ड (च) र (छ) बमोजिमका सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (च) र (छ) बमोजिमका सदस्यले पदीय जिम्मेवारी पूरा नगरेमा वा प्रतिष्ठानको हित विपरीत कुनै काम गरेमा परिषद्ले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

(६) उपदफा (५) बमोजिमका सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(७) सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सञ्चालक समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२५ङ. प्रतिष्ठानको कामः प्रतिष्ठानको काम देहाय बमोजिम हुनेछः-

(क) निरन्तर कानून व्यवसायी तालीम तथा प्रशिक्षण सञ्चालन गर्ने,

(ख) कानून व्यवसायीको व्यावसायिक दक्षता, कार्य क्षमता र प्राज्ञिक उन्नयनको अभिवृद्धि गरी कानून व्यवसायीलाई सक्षम र प्रतिस्पर्धी बनाउन तथा कानून व्यवसायलाई प्रभावकारी, गुणस्तरीय, सेवामूलक र जवाफदेही बनाउनका लागि

विभिन्न किसिमका तालीम, गोष्ठी, सेमिनार, अन्तरक्रिया, अध्ययन, अनुसन्धान र प्रकाशन तथा अन्य कार्यक्रम सञ्चालन गर्ने,

(ग) परिषद्को स्वीकृतिमा विदेशी मुलुकका यस्तै प्रकृतिका प्रतिष्ठानसँग अनुभव तथा फेलोसिप आदान प्रदान गर्ने,

(घ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

२५च. अध्यक्ष संरक्षक रहने: (१) अध्यक्ष प्रतिष्ठानको संरक्षक हुनेछ।

(२) प्रतिष्ठानको संरक्षकले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ।"

२०. मूल ऐनमा दफा २६क., २६ख. र २६ग. थपः मूल ऐनको दफा २६ पछि देहायका दफा २६क., २६ख. र २६ग. थपिएका छन्ः -

"२६क. कानून व्यवसायीको पोशाकः कानून व्यवसायीले अड्डा अदालतमा उपस्थित भई वा श्रव्यदृष्य संवाद (भिडियो कन्फरेन्स) मार्फत पैरवी र बहस गर्दा परिषद्ले निर्धारण गरे बमोजिमको पोशाक लगाउनु पर्नेछ।

२६ख. विद्युतीय वा बैंकिङ्ग माध्यमबाट कारोबार गर्नुपर्नेः (१) कानून व्यवसायीले पक्षसँग सेवा शुल्क लिंदा विद्युतीय वा बैंकिङ्ग माध्यमको प्रयोग गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्ले निर्धारण गरेको रकमसम्म कानून व्यवसायीले सेवा शुल्कबापत पक्षबाट नगद लिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम पक्षबाट सेवा शुल्कबापत लिएको रकमको रसिद दिनु पर्नेछ।

२६ग. नेपाल सरकार वादी हुनेः ऐनको दफा २४क. र २५ बमोजिमको कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी भई दायर गरिनेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।"

२१. मूल ऐनमा दफा २७क. थपः मूल ऐनको दफा २७ पछि देहायको दफा २७क. थपिएको छः-

"२७क. विनियम बनाउने अधिकारः परिषद्ले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक विनियम बनाई लागू गर्न सक्नेछ।"